# पुनर्स्थापना केन्द्र

## संचालन निर्देशिका

२०६८

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरवार

**पुस्तकको नाम**
पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका-२०६८

**प्रकाशक**
महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय

**दोस्रो संस्करण**
१००० प्रति (२०७३ असार)

**मुद्रण**
स्काई प्रेस(०१-४७८४२८३), बिजुलीबजार

The Ministry of Women, Children and Social Welfare (MOWCSW) expresses its thanks to Combating Trafficking in Persons (CTIP) program of the United States Agency for International Development(USAID) Nepal and The Asia Foundation for financial support in reprint of this document.

# मन्तव्य

विश्वव्यापी रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको समस्याबाट नेपाल पनि अछुतो छैन। विगतमा भारतका ठूला शहरहरूमा व्यावसायिक यौन शोषणका लागि बेचबिखन हुने गरेकोमा केही वर्ष यता नेपालका आन्तरिक बजार र बैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनको क्रममा पनि मानव वेचविखन तथा ओसारपसार हुन थालेवाट थप जटिलता भैरहेको अवस्था छ। मानव बेचबिखन तथा ओसारपसार, महिला तथा बालबालिकाहरू माथि हुने यौन तथा श्रम शोषण, निकृष्ट प्रकारका बालश्रम, व्यक्ति माथि हुने दासता र दासत्वको व्यवहार बिरूद्ध मानवअधिकार, महिलाअधिकार र बालअधिकारलाई सुनिश्चित गर्ने अन्तराष्ट्रिय र सार्क स्तरका महासन्धि, अनुवन्ध र तिनका इच्छाधीन आलेखहरूलाई नेपाल सरकारले अनुमोदन गरी सकेको सर्न्दभमा मानव वेचविखन तथा ओसारपसार नियन्त्रणको कार्य थप चुनौतिको विषय भएको छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ ले पीडित/प्रभावितहरूको अधिकारको अवधारणालाई आत्मसात गर्नुका साथै उनीहरुको लागि पुनर्स्थापना केन्द्रहरूको स्थापना र सञ्चालन, पुनर्स्थापना कोषको व्यवस्था, एवं मानव बेचबिखन नियन्त्रणका लागि राष्ट्रिय, जिल्ला र स्थानीय स्तरका समितिहरूको गठन आदिको व्यवस्था गरेको छ। सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा मानव बेचबिखन बिरूद्ध कानूनी कारवाहीमा तीव्रता, पीडित/प्रभावितहरूको उद्धार, संरक्षण र हेरचाहमा राज्यको दायित्वबोध र मानव बेचविखन रोकथामका लागि सरकारी तथा गैरसरकारी क्षेत्रको साझेदारिता, सहकार्य र समन्वयमा निरोधात्मक एवं सचेतनात्मक कार्यक्रमहरूको सञ्चालनलाई प्राथमिकतामा राखेको छ।

मानव बेचबिखन तथा ओसारपसारबाट उद्धार गरिएका पीडित/प्रभावितहरूको लागि शारीरिक तथा मानसिक उपचार सहित संरक्षण सेवा प्रदान गरी सामाजिक रुपमा पुनर्स्थापना गर्ने र पारिवारिक पुनर्स्थापना गराउने उदेश्यले नेपाल सरकारको स्वीकृतिमा स्थापना गरिएका र गरिने पुनर्स्थापना केन्द्रको काम कारवाहीलाई व्यवस्थित रुपले संचालन गर्ने र कार्यविधिगत प्रकृयामा एकरुपता कायम गर्न **"पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८"** जारी गरिएको छ।

यो निर्देशिका तयार गर्ने सिलसिलामा आर्थिक तथा प्राविधिक सहयोग गर्ने मानव वेचविखन तथा ओसारपसार विरुद्ध (CTIP) परियोजना संचालन गर्ने यू. एस. ए. आई. डि. नेपाल, दि एशिया फउन्डेशन तथा बहुसाँस्कृतिक मनोसामाजिक संस्था (टि.पि.ओ). लगायत निर्देशिका तयार गर्दा महत्वपूर्ण सुझाव दिनु हुने सरोकारवाला व्यक्ति तथा सम्वन्धित निकायप्रति धन्यवाद् प्रकट गर्दछु। यसैगरी यस निर्देशिका तयार गर्न विज्ञको रुपमा सहयोग गर्नु हुने यस मन्त्रालयका वरिष्ठ प्राविधिक सल्लाहकार डा. गोविन्द प्रसाद थापालाई धन्यवाद दिन चाहान्छु। निर्देशिका तयारीका हरेक चरणमा अथक परिश्रम गर्नु हुने मन्त्रालयका सह सचिव डा. हरि पौडेल, उपसचिव गजबहादुर राना एवं शाखा अधिकृतहरु सुनिता नेपाल, मोहन निरौला, मिठू थापा, सुशीला पौडेल (दाहाल) लाई धन्यवाद् छ।

अन्त्यमा, यो निर्देशिका कार्यान्वयनमा सम्वन्धित सवै सरोकारवालाको सक्रीय सहयोग प्राप्त हुनुका साथै निर्देशिकाको कार्यान्वयनवाट पुर्नस्थापना केन्द्रहरु व्यवस्थित रुपले संचालन भई मानव वेचविचविखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरु लाई शारीरिक ,मानसिक उपचार सहित सामाजिक रुपमा पुर्नस्थापना गर्ने कार्यमा गुणस्तरीय सेवा प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

**वालानन्द पौडेल**

**सचिव**

# विषय सूची


**परिच्छेद-१**
प्रारम्भिक:........................................................................ १

**परिच्छेद-२**
निर्देशक सिद्धान्तहरु:........................................................ ९

**परिच्छेद-३**
पुनर्स्थापना केन्द्रको संरचना तथा आधारभुत सेवाहरु :........................... १३

**परिच्छेद-४**
पुनर्स्थापना केन्द्रको व्यवस्थापन................................................. १७

**परिच्छेद-५**
पुनर्स्थापना केन्द्रमा कर्मचारीको व्यवस्थापन तथा तालिम :..................... २३

**परिच्छेद-६**
पुनर्स्थापना केन्द्रले प्रदान गर्ने बिशेष प्रकारका सेवा र सहयोग :................२९

**परिच्छेद-७**
अनुगमन, निरीक्षण र मूल्याङ्कन :.................................................३९

**अनुसुचि :** ........................................................................ ४१

## प्रस्तावना

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियामवली, २०६५ बमोजिम मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिहरुको उद्धार, शारीरिक तथा मानसिक उपचार र संरक्षण गरी सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन सम्बन्धी कार्यसम्पादन गर्ने सिलसिलामा आवश्यक मापदण्ड, प्रक्रिया एवम् शर्त निर्धारण गर्न वाञ्छनीय भएकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ४ (१) (झ) मा तोकिए बमोजिम राष्ट्रिय समितिले यो **"पुर्नस्थापना केन्द्र संचालन निर्देशिका, २०६८"** बनाई जारी गरिएको छ।

# परिच्छेद १

# प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम **पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा :-

(क) 'ऐन' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ सम्झनु पर्दछ ।

(ख) 'नियमावली' भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ सम्झनु पर्दछ ।

(ग) 'संस्था' भन्नाले ऐनको दफा १३ को उपदफा (२) बमोजिम केन्द्र सञ्चालन गर्न स्वीकृति प्राप्त संस्था सम्झनुपर्दछ र सो शब्दले त्यस्तो संस्थासँग संयुक्त रूपमा केन्द्र सञ्चालन गर्ने संस्थाका साथै नियमावलीको नियम ११ (२) बमोजिम व्यवस्थापन करारमा लिई केन्द्र सञ्चालन गर्ने संस्था समेतलाई जनाउँदछ ।

(घ) 'व्यवस्थापन समिति' भन्नाले नियमावलीको नियम १२ बमोजिम गठित केन्द्रको व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ङ) 'केन्द्र' भन्नाले ऐनको दफा १३ (१) र (२) बमोजिम सञ्चालित पुनर्स्थापना केन्द्रलाई सम्झनु पर्दछ । यो शब्दले पीडितहरुको उद्धार, संरक्षण, हेरचाह तथा पुनर्लाभ गर्ने उद्देश्यले सरकारी तथा गैर सरकारी क्षेत्रमा स्थापना भएका विभिन्न आवधिक गृहहरु समेतलाई जनाउनेछ ।

(च) 'मन्त्रालय' भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई सम्झनु पर्दछ ।

(छ) 'विभाग' भन्नाले महिला तथा बालबालिका विभागलाई सम्झनु पर्दछ ।

(ज) 'कार्यालय' भन्नाले महिला तथा बालबालिका कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) 'समिति' भन्नाले यो निर्देशिकामा अन्यथा उल्लेख भएकोमा बाहेक नियमावलीको नियम ३ बमोजिम गठन भएको राष्ट्रिय समितिलाई सम्झनु पर्दछ । साथै सो शब्दले सोही नियमावलीको नियम ६ र ७ (ख) बमोजिम क्रमश: जिल्ला र स्थानीय स्तरमा गठन भएका समितिहरू समेतलाई बुझाउनेछ ।

(ञ) 'पीडित' भन्नाले बेचबिखन तथा ओसारपसारमा पारिएको/परेको व्यक्तिलाई सम्झनु पर्दछ । यो शब्दले बेचबिखन तथा ओसारपसारमा परी उद्धार गरिएको वा उद्धार गर्न आवश्यक नेपालको सीमानाभित्र फेला परेको विदेशी नागरिक समेतलाई बुझाउनेछ ।

(ट) 'कोष' भन्नाले ऐन को दफा १४ बमोजिम स्थापित पुनर्स्थापना कोष सम्झनु पर्दछ ।

(ठ) 'केन्द्रीय कोष' भन्नाले नियमावलीको नियम १७ (१) बमोजिम राष्ट्रिय समिति अन्तर्गत रहेको कोष सम्झनु पर्दछ ।

(ड) 'जिल्ला कोष' भन्नाले नियमावलीको नियम १७ (२) बमोजिम जिल्ला समिति अन्तर्गत रहेको कोष सम्झनु पर्दछ ।



३. **निर्देशिका लागू हुने:** मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिहरुलाई संरक्षण तथा पुनर्स्थापना गर्न नेपाल सरहदभित्र सञ्चालित सम्पूर्ण केन्द्रहरुमा यो निर्देशिका लागू हुनेछ ।

४. **केन्द्रको लगत :** (१) जिल्ला समितिले प्रत्येक आर्थिक वर्ष अनुसुची १ को ढाँचामा जिल्लामा सञ्चालित केन्द्रहरुको अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ र त्यसको रेकर्ड एक प्रति आफैले राखी एकप्रति राष्ट्रिय समितिमा पठाउनु पर्दछ ।

(२) जिल्ला समितिमा सूचीकृत नगरिएको केन्द्र कसैले पनि सञ्चालन गर्नु हुदैन ।

(३) यो निर्देशिका जारी हुँदाका बखत सम्म सञ्चालनमा आईसकेका केन्द्रले पनि सूचीकृत नभएको भए २०६९ पौष मसान्त भित्र सूचीकृत हुनु पर्नेछ ।

५. **केन्द्र स्थापनाको उद्देश्य :** केन्द्र स्थापना गर्नुको उद्देश्यहरुमा ऐनको दफा १३(१) र नियमावलीको नियम ११(१) बमोजिम पीडितहरुलाई शारीरिक तथा मानसिक उपचार गराउनु, सामाजिक रुपमा पुनर्स्थापना गर्नु र पारिवारिक पुनर्मिलन गराउनुका अतिरिक्त देहाय बमोजिमका रहने छन् :

(क) पीडितहरुका लागि पर्याप्त,सुरक्षित र संरक्षित वातावरणमा तत्कालीन (अस्थायी) आवासीय हेरचाह सुविधा दिनु,

(ख) पीडितहरुलाई पुन: पीडित हुनबाट जोगाई अधिकतम मात्रामा पुनर्लाभको स्थितिमा ल्याई उनीहरुको लागि दीगो र स्थायी अवसर प्राप्त गर्नमा सहजिकरण गर्नु,

(ग) पीडितहरुको व्यक्तिगत रुपमा उनीहरुको घटनाहरुका सम्वन्धमा योजना बनाई गुणस्तरीय संरक्षण र सहायता प्रदान गर्नु,

(घ) पीडितहरुका लागि तालिम प्राप्त जनशक्तिको सहयोगात्मक र समन्वयात्मक तरिकाबाट लैङ्गिक संवेदनशिलता अपनाई,बहुपक्षीय संरक्षण सेवा उपलब्ध गराउनु,

(ङ) पीडकहरुलाई कानुनी सजाय दिलाउन पीडितहरुलाई सहयोग गर्ने ।

६. **केन्द्रका लक्षित समूह** :- देहायका व्यक्तिहरु केन्द्रका लक्षित समूह हुनेछन् :-

(क) ऐनको दफा ४ बमोजिमका मानव वेचविखन तथा ओसारपसारबाट पीडित भएका व्यक्तिहरु ।

(ख) मानव वेचविखन तथा ओसारपसारबाट पीडित भई समुदायमा पुनर्स्थापना गर्न केन्द्रको सहयोग आवश्यक छ भनी केन्द्रले उपयुक्त ठहराएका व्यक्तिहरु ।

(ग) मानव वेचविखन तथा ओसारपसारबाट पीडित भई समुदायमा पुनर्स्थापना गर्न केन्द्रको सहयोग आवश्यक छ भनी जिल्ला समितिले/जिल्ला समितिको सचिवालयले/महिला संरक्षण अधिकृत/बाल अधिकार संरक्षण अधिकृतले सिफारिस गरेका व्यक्तिहरु ।

(घ) अदालतले सिफारीस गरी पठाएका पीडित व्यक्तिहरु ।

७. **केन्द्रले प्रदान गर्ने सेवाहरु :** (१) केन्द्रले यसै निर्देशिकाको दफा ६ मा तोकिए अनुसारका मानिसहरुलाई कम्तिमा देहाय बमोजिमका सेवाहरु प्रदान गर्नु पर्नेछ :–

(क) सुरक्षित आवास तथा भोजनको व्यवस्था,
(ख) लत्ताकपडाको व्यवस्था,
(ग) मनोविमर्श तथा मनोवैज्ञानिक सेवाको व्यवस्था,
(घ) स्वास्थ्य सेवा तथा परामर्शको व्यवस्था,
(ङ) कानूनी सेवा तथा परामर्शको व्यवस्था,
(च) शिक्षा तथा सीपमूलक तालिमको व्यवस्था,
(छ) पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन,
(ज) स्वदेश फिर्ती को व्यवस्था ।

(२) केन्द्रले संरक्षित व्यक्तिहरुलाई पुऱ्याउने सबै प्रकारका सेवा/सुविधाहरु निःशुल्क प्रदान गर्नेछ ।

८. **केन्द्रको कार्यक्षेत्र :** केन्द्रले देहायका कार्यहरु सम्पादन गर्नेछ :

(क) जिल्ला समितिमा प्राप्त सूचनाका आधारमा पीडित व्यक्तिको तत्काल उद्धारका लागि पहल गर्ने तथा जिल्ला समितिसँग उद्धारका लागि सहभागी हुने,

(ख) जिल्ला समितिले तय गरेको सम्प्रेषण प्रक्रिया पुरा गरी पीडित व्यक्तिलाई यसै निर्देशिकाको दफा ७ बमोजिमका सेवाहरु प्रदान गर्ने,

(ग) कथंकदाचित तत्काल पारिवारिक पुनर्मिलन गराउन नसकिएको अवस्थामा बालबालिका भए विद्यालय भर्ना गरी ६ महिनाभित्र जिल्ला समितिले स्वीकृति दिएको बालगृहमा स्थानान्तर गर्ने र वयस्क भए व्यक्तिगत अभिरुची, अनुभवका साथै आर्थिक स्रोत आवश्यकता समेतको विचार गरी रोजगारी वा स्व-रोजगारी योजना तयार पार्न लगाएर जिल्ला समितिले स्थापित गरेको प्रक्रियाबाट स्वीकृत भएपछि बजार सूचना, सीप विकास, बीउपूँजी लगायतको व्यवस्थाका साथ अनिवार्य रुपमा ६ महिना भित्रै केन्द्रबाट वहिर्गमनका लागि स्वतन्त्र जीविकोपार्जन गर्न समर्थ तुल्याउने;

(घ) उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन, न्यायमा पहुँच, रोजगारी वा स्व-रोजगारी जस्ता पक्षमा नेपाल सरकारका सम्वन्धित निकाय, गैर सरकारी, सहकारी वा निजी संस्था र अन्यत्र केन्द्रहरुसँग समन्वय स्थापना गरी सहयोग आदान प्रदान गर्ने ।

९ **केन्द्रको आर्थिक व्यवस्थापन, पुर्नस्थापना कोषको स्थापना र परिचालन :** केन्द्रको आर्थिक व्यवस्थापन, पुर्नस्थापना कोषको स्थापना र परिचालन, ऐन तथा नियमावलीको आधारमा रही कार्यबिधि बनाई राष्ट्रिय समितिले गर्नेछ ।

१०. **केन्द्रको स्थापना तथा सञ्चालन :-** (१) ऐन तथा नियमावली वमोजिम नेपाल सरकार र नेपाल सरकारको स्वीकृति लिई स्थापना भएका गैर सरकारी संस्थाहरु तथा निजी सस्थांहरुले



आवश्यकता अनुसार केन्द्रको स्थापना र संचालन गर्नेछन् । यसरी नेपाल सरकारको स्वीकृति लिई स्थापना भएका केन्द्रहरुले प्रचलित ऐन नियम अनुसार स्वीकृति प्राप्त गरी कुनै दाता बाट श्रोत जुटाई केन्द्र सञ्चालन गर्न सक्नेछन् ।

(२) मन्त्रालयले केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्ने/गराउने छ ।

(३) केन्द्र स्थापना र सञ्चालन गर्न चाहने संस्थाले देहाय वमोजिमको विवरण खोली अनुसूची-२ बमोजिमको ढाँचामा जिल्ला समिति समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(ख) केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायतका भौतिक पूर्वाधारको विवरण,
(ग) केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,
(घ) आर्थिक श्रोतको विवरण ।

(४) प्राप्त निवेदन उपर जाँचबुझ गरी निवेदन बमोजिमको पूर्वाधार तथा सुविधा भएको एकिन भएमा जिल्ला समितिले त्यस्तो संस्थालाई केन्द्रको स्थापना र सञ्चालन गर्न स्वीकृतिको प्रमाणपत्र दिनेछ ।

स्वीकृति प्रमाणपत्रको ढाँचा अनुसूची-३ बमोजिमको हुनेछ ।

११. **जिल्ला समिति आफैद्वारा केन्द्र सञ्चालन :** (१) स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा नियमावलीको नियम ११(१) बमोजिम नेपाल सरकारको तर्फबाट जिल्ला समिति आफैले पनि केन्द्र सञ्चालन गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला समिति आफैले केन्द्र सञ्चालन गर्ने अवस्थामा जिल्ला समितिले केन्द्रको व्यवस्थापन समितिको समेत कार्य गर्नुपर्ने छ । यसरी केन्द्र संचालनको व्यवस्थापन मिलाउने जिम्मेवारी जिल्लाको महिला तथा बालबालिका कार्यालयमा निहित रहनेछ ।

१२. **केन्द्र सञ्चालन गर्ने संस्था छनौट :** (१) नेपाल सरकारको प्रत्यक्ष अनुदान सहयोग लिई सञ्चालन हुने केन्द्रको हकमा जिल्ला समितिले नियमावलीको नियम ११ (२) बमोजिम व्यवस्थापन करारमा केन्द्र सञ्चालन गर्ने निजी वा गैरसरकारी संस्था छनौट गर्दा प्राविधिक र आर्थिक प्रस्तावको आधारमा छनौट गर्नु पर्नेछ ।

(२ उपदफा (१) मा उल्लेखित प्रक्रिया अन्तरर्गत प्राविधिक र आर्थिक प्रस्ताव आव्हान गर्दा जिल्ला समितिले क्रमशः अनुसुचि ४ र ४.क को ढाँचामा पेश गर्नुपर्ने गरी तोक्नु पर्नेछ ।

(३) जिल्ला समितिले उपदफा (२) बमोजिम प्रस्ताब आव्हानको सूचना प्रकाशन गर्दा अनुसुची ५ को नमुनामा आवश्यक थपघट गरी खुलाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्नु अघि जिल्ला समितिले केन्द्रको व्यवस्थापन गर्दा लाग्ने प्रति एकाई दरका साथै वार्षिक लक्ष्य अनुसारको जम्मा रकम समेत खुल्ने गरी लागत अनुमान स्वीकृत गर्नुपर्नेछ ।

(५) उप दफा (४) बमोजिम लागत अनुमान स्वीकृत गर्दा जिल्ला समितिले अनुसुची ४.क अनुसारको ढाँचा उपयोग गर्न सक्नेछ ।

(६) जिल्ला समितिले अनुसुची ६ को नमूनामा आवश्यक थपघट गरी प्राविधिक प्रस्ताव मूल्याङ्कनको आधार स्वीकृत गर्नुपर्नेछ ।

(७ उपदफा (६) बमोजिम मूल्याङ्कनको आधारमा छनौट भएको संस्थालाई केन्द्रको व्यवस्थापन करारमा दिदाँ जिल्ला समितिले स्वीकृत गरेको ढाँचामा सम्झौता गर्नु पर्नेछ । कार्य सम्पादनको आधारमा जिल्ला समितिको निर्णय अनुसार पुनः अर्को वर्षको लागि समेत सम्झौता नवीकरण गर्न सकिनेछ ।

(८) उपदफा (७) मा उल्लेखित सम्झौताको ढाँचा स्वीकृत गर्दा जिल्ला समितिले अनुसुची ७ को नमूना लिन सक्नेछ ।

१३. **केन्द्र सञ्चालन गर्ने संस्थालाई सहयोग :** दफा १२ बमोजिम केन्द्र सञ्चालनका लागि छनौट भएका संस्थालाई पुनर्स्थापना कोष संचालन निर्देशिका, २०६८ को आधारमा खर्च गर्ने गरी अनुसूची ८ बमोजिम जिल्ला समितिले केन्द्र संचालनको लागि रकम उपलब्ध गराउनेछ । नेपाल सरकारको अनुदान नलिई अन्य श्रोतबाट सञ्चालनमा रहेका केन्द्रहरुले पनि कम्तिमा यस अनुसूची ८ को मानकलाई कायम गर्नुपर्नेछ ।

१४. **केन्द्र करारमा दिन सकिने** : (१) नेपाल सरकार वा अन्य कुनै गैरसरकारी संस्था वा निजी संस्थाले स्थापना तथा सञ्चालन गरेको केन्द्र आफै सञ्चालन नगर्ने वा सञ्चालन गर्न नसक्ने अवस्था भई निश्चित समयको लागि वा सधैंको लागि अन्य संस्थालाई व्यवस्थापन करारमा दिन चाहेमा जिल्ला समिति समक्ष निवेदन दिनु पर्नेछ । जिल्ला समितिले निश्चित शर्तहरु तोकी अन्य निजी तथा गैरसरकारी संस्थालाई केन्द्र करारमा दिन सक्ने छ । यसरी करारमा दिँदा केन्द्रलाई बढी आर्थिक र प्राविधिक योगदान दिने संस्थालाई प्राथमिकता दिनु पर्नेछ ।

(२) केन्द्रको व्यवस्थापन करारमा दिँदा, त्यसको कारण खुलाई करारमा दिनु भन्दा दुई महिना पहिला जिल्ला समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ । जिल्ला समितिले निवेदन परेको एकमहिना भित्र करारमा लिने संस्थाको बारेमा अध्ययन गरी करारमा दिन उपयुक्त छ, छैन हेरी बुझी जाँच गरी उपयुक्त देखिए करारमा दिनेछ ।

(३) करारमा लिई सकेपछि सो केन्द्रको जिम्मेवारी नँया करार लिने संस्थाको हुनेछ ।

१५. **केन्द्र बन्द गर्न सकिने :-** (१) केन्द्र संचालन गर्न नसक्ने अवस्था भएमा वा संचालन गर्न उपयुक्त नदेखिएमा केन्द्र बन्द गर्न सकिने छ । बन्द गर्दा देहायको उपदफा (२) (३) (४) (५) बमोजिम गर्नुपर्नेछ ।



(२) केन्द्र बन्द गर्नु पर्ने भएमा बन्द गर्नु परेको कारण समेत खुलाई जिल्ला समिति समक्ष निवेदन गर्नु पर्नेछ । यसरी निवेदन दिँदा सो केन्द्रबाट पुनर्मिलन तथा पुनर्स्थापना भएका सम्पूर्ण पीडितहरुको व्यक्तिगत विवरण समेत संलग्न गर्नु पर्नेछ ।

(३) त्यसरी निवेदन दिंदा केन्द्रमा रहेका सम्पूर्ण पीडितहरुको पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापनको व्यवस्था गरिसकेको हुनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन परेमा जिल्ला समितिले आवश्यक जाँचबुझ गरी आफ्नो लगतबाट सो केन्द्रको नाम कट्टा गर्नसक्नेछ ।

(५) उपदफा (१) बमोजिम केन्द्र बन्द गर्नका लागि निवेदन दिंदा, केन्द्र बन्द गर्न चाहेको मिति भन्दा कम्तिमा ३ महिना अगाडि निवेदन पेश गरिसक्नु पर्नेछ ।

# परिच्छेद २

# निर्देशक सिद्धान्तहरु



१६. <u>**निर्देशक सिद्धान्तहरु:**</u> केन्द्र सञ्चालन गर्दा देहाय बमोजिमका सिद्धान्तहरुलाई मार्गदर्शक (निर्देशक) सिद्धान्तको रुपमा अगिंकार गरिने छ। यी सिद्धान्तहरु विश्वव्यापी मानव अधिकार लगायत अन्य मान्य सिद्धान्तको आधारमा तय गरिएका हुन्।

१. **मानव अधिकार:** केन्द्रमा संरक्षित व्यक्तिको मानव अधिकारको पूर्ण सम्मान गरिने छ। मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिलाई उद्धार, पुन:र्स्थापना,शिक्षा, सिपमूलक तालिम, मनोविमर्श, पुनर्एकीकरण लगायतका अन्य कुनै पनि सेवा प्रदान गर्दा मानव अधिकारका मूल्य मान्यताहरुलाई निर्देशित सिद्धान्तको रुपमा आत्मसाथ गरिनेछ।

२. **लैङ्गिक संबेदनशील:** मानव बेचविखन तथा ओसारपसारबाट पीडित व्यक्तिलाई उद्धार, पुनर्स्थापना, सीपमूलक तालिम, पुनर्एकीकरण लगायतका अन्य कुनैपनि सेवा प्रदानगर्दा लैङ्गिकता प्रति संबेदनशील मान्यताहरुलाइ अवलम्बन गरिनेछ।

३. **गोपनीयता:** मानव बेचविखन तथा ओसारपसारबाट पीडित व्यक्ति को सूचनाहरुलाई गोप्य राखिनेछ।

४. **भेदभाव नगरिने/सद्भावपूर्ण व्यबहार गरिने:** केन्द्रमा संरक्षित व्यक्तिहरुलाई जात, जाती, वर्ण, वर्ग, रङ्ग, लिङ्ग, भाषा, धर्म, बिचार, भौगोलिक, वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म अथवा अन्य हैसियतको कारणबाट कुनै किसिमको भेदभाव गरिने छैन। सबैलाई सद्भावपूर्ण र समान व्यबहार गरिनेछ।

५. **समन्वय एवं सहकार्य:** कुनै पनि व्यक्ति बेचविखन तथा ओसारपसारबाट पीडित भएको खण्डमा उनीहरुलाई उद्धार, पुनर्स्थापना, सीपमूलक तालिम, मनोबिमर्श , पुनर्एकीकरण लगायतका अन्य कुनैपनि सेवा प्रदान गर्दा सम्बद्ध सरोकारवालाहरु बीचमा केन्द्रीय देखि स्थानीय स्तरमा सूचना आदान प्रदान, समन्वय, सहयोग एवं सहकार्यलाई जोड दिईनेछ।

६. **सहज सेवा र नि:शुल्कता :** केन्द्रले दिने विभिन्न सेवा जस्तै आधारभूत सेवाहरु, स्वास्थ्य, कानूनी , शिक्षा, सीपमूलक (रोजगारमूलक) तालिम, मनोविमर्श लगायतका सेवाहरुमा संरक्षित व्यक्तिलाई सहज र नि:शुल्क उपलब्ध गराईनेछ।

७ **सेवामा निपूणता र निरन्तरता:** शारीरीक, सामाजिक, आर्थिक, मनोसामाजिक पक्षमा समायोजन हुन र पीडित व्यक्तिहरुको पहुँच विकास गर्न केन्द्रले निपुणता,निरन्तरता र दिगोपनका साथ सेवा प्रदान गर्नेछ।

८. **पीडित व्यक्ति:** प्रत्येक व्यक्तिको इच्छा, चाहना र आवश्यकता फरक फरक हुने भएकोले पीडित व्यक्तिलाई व्यक्तिगत रुपमा व्यबहार गरिनेछ ।

९. **केन्द्रले प्रदान गर्ने सेवा:** केन्द्रले पीडित व्यक्तिलाई सेवा प्रदान गर्नु अगाडि पीडित व्यक्तिको अधिकारलाई मध्यनजर गर्दै पीडित व्यक्ति सेवा लिन इच्छुक छ वा छैन भन्ने वुझी सेवा लिन इच्छुक भएमा वा सेवा लिन सहमत भएमा मात्र सेवा पुर्‍याउनु पर्नेछ।

१०. **न्यूनतम मापदण्ड:** पीडित व्यक्तिहरुको संरक्षणमा उपलब्ध हुने सेवाहरु अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका न्यूनतम मापदण्डहरुको आधारमा तय गरिनेछ ।

११. **सेवामा निरन्तरता र दिगोपना :** पीडित व्यक्तिहरुको संरक्षणका लागि उपलब्ध गरिने सेवाहरु संरक्षित व्यक्ति, परिवार वा समुदायमा पुनर्स्थापित नहुन्जेल सम्म पुऱ्याउनु पर्नेछ ।

१२. **सुरक्षाको प्रत्याभूति:** पीडित व्यक्तिहरु संरक्षणका लागि केन्द्रमा आईसकेपछि संरक्षित व्यक्तिको सुरक्षाको प्रत्याभूति केन्द्रले मिलाउनेछ । सुरक्षासँग सम्बन्धित सम्पूर्ण समन्वयात्मक कार्य केन्द्रले जिल्ला समितिसँग समन्वय गरी मिलाउनु पर्नेछ ।

१३. **सूचना सम्प्रेषण:** केन्द्रमा रहेका संरक्षित व्यक्तिहरुको परिचायात्मक विवरण गोप्य राखिने छ । संरक्षित व्यक्तिको वारेमा राज्य वा सरोकारवालाहरुले सूचना मागेको बखत निजहरुको परिचायात्मक विवरण उल्लेख नगरी सूचना प्रदान गरिने छ ।

१४. **सम्मान:** केन्द्रमा रहेका संरक्षित व्यक्तिहरु जुनसुकै जातजाती भाषा भाषी, वर्ग लिङ्ग वा जुनसुकै अवस्थाको पीडीत भए पनि निज उपर कुनैपनि किसिमको भेदभाव गरिने छैन तथा निजको भावनामा आँच आउने अपमानित हुने किसिमका कुनै पनि शब्दहरु केन्द्रभित्र प्रयोग गरिने छैन ।

१५ **राजनैतिक अधिकार:** केन्द्रमा रहेका हरेक संरक्षित व्यक्तिले आफ्नो राजनैतिक अधिकारको प्रयोग गर्न पाउने छन् र निर्वाचनमा भाग लिन पाउने छन् ।

# परिच्छेद 3

# पुनर्स्थापना केन्द्रको संरचना तथा आधारभूत सुविधाहरु

१७. **केन्द्रको क्षमता :** (१) कुनै पनि केन्द्र स्थापना गर्दा कम्तिमा १० जना देखि बढीमा ५० जना सम्म पीडीतलाई संरक्षण प्रदान गर्न सक्ने क्षमता हुनुपर्नेछ ।

**स्पष्टीकरण:** यस दफाले कुनै पनि एउटा केन्द्रको क्षमतालाई प्रतिनिधित्व गर्दछ र यसले कुनै पनि सस्थांलाई एउटा भन्दा बढी केन्द्रहरु सञ्चालन गर्न रोक लगाएको मानिने छैन ।

(२) केन्द्रमा संरक्षण प्रदान गरिने व्यक्तिको संख्या जिल्ला समितिले केन्द्रको भौतिक पुर्वाधार र क्षमता समेतका कुरालाई विचार गरी निश्चित गर्नुपर्नेछ ।

(३) उपदफा (१) को अधिकतम क्षमता अर्थात ५० भन्दा बढि क्षमताको केन्द्र संचालन गर्न राष्ट्रिय समितिको स्वीकृति आवश्यक पर्नेछ । राष्ट्रिय समितिले यस किसिमको केन्द्र संचालनका लागि पूर्व निरीक्षण गरी आवश्यक पूर्वाधार प्रर्याप्त भएको अवस्थामा मात्र स्वीकृति दिन सक्नेछ ।

१८. **केन्द्र संरचना, प्राथमिक सेवा तथा त्यसको न्यूनतम मापदण्ड :** (१) केन्द्र संचालन गर्ने क्रममा संरक्षित व्यक्तिहरुलाई कम्तिमा यसै निर्देशिकाको दफा ७ मा उल्लेख भए बमोजिमका सेवाहरु प्रदान गर्नु पर्नेछ । ती सेवाहरु प्रदान गर्न केन्द्र भित्र देहाय वमोजिमका उपदफाहरु २, ३, ४, ५ र ६ का न्यूनतम आधारभूत सुविधाहरु सहितको संरचना हुनुपर्नेछ ।

(२) **परिसर (क्षेत्र) :** केन्द्रको हाताभित्र देहाय बमोजिमको वातावरण भएको हुनुपर्नेछ :-

(क) केन्द्र भवनको वनावट अनुसार सुरक्षित र शान्त वातावरण सहितको खुल्ला परिसर भएको हुनुपर्नेछ ।

(ख) केन्द्रको परिसर केन्द्र को उद्देश्य र गतिविधि संचालन गर्न उपयुक्त स्थानमा हुनुपर्नेछ ।

(ग) केन्द्र सकेसम्म भूकम्पबाट कम प्रभावित, बाढी, पहिरो र अन्य खतराबाट मुक्त क्षेत्रमा हुनुपर्नेछ ।

(घ) केन्द्र अपराध, दंगा, औद्योगिक दुर्घटना, आणविक, जलबायु र ध्वनिको प्रदुषणबाट मुक्त क्षेत्रमा अवस्थित हुनुपर्नेछ ।

(ङ) केन्द्रको चारैतिर सुरक्षाको लागि पर्खाल वा तारबारले घेरिएको हुनुपर्नेछ ।

(३) **स्थान/ठाँउ :** केन्द्रको स्थान/ठाँउ व्यवस्थापन गर्दा कम्तिमा देहायको सुबिधा भएको हुनुपर्नेछ :-

(क) केन्द्रमा आकस्मिक साधनहरु (वारुणयन्त्र तथा एम्बुलेन्स ) आवागमन गर्न सक्ने गरी बाटोको सुविधा भएको हुनुपर्नेछ ।

(ख) केन्द्र विद्यालय, अस्पताल, प्रहरी कार्यालय जस्ता सुविधामा पायक पर्ने स्थानमा हुनु पर्नेछ ।

(ग) केन्द्र कुनै पनि प्रकारको दुर्घटनाको जोखिमको खतराबाट मुक्त क्षेत्रमा हुनु पर्नेछ ।

(४) **भौतिक सुबिधाहरु :** केन्द्रको भवन र भौतिक सुविधाहरु देहाय बमोजिम हुनुपर्नेछ :-

(क) केन्द्रसँग, संरक्षित व्यक्तिलाई राख्ने भवनमा न्यूनतम आधारभूत सुविधा सहितको प्रशस्त प्राकृतिक र विजुलीको प्रकाश, खानेपानी जस्ता भौतिक संरचना सहितको हुनुपर्नेछ ।



(ख) केन्द्रको भवन पीडीतहरुको विशेष आवश्यकता पुरा गर्ने र कमजोर शारीरिक र मानसिक अवस्थाको व्यक्तिहरुका लागि उपयुक्त हुने प्रकारको आकर्षक र पीडित मैत्री हुनुपर्नेछ ।

(ग) केन्द्रको भौतिक सुविधाहरु सामान्य जीवन विताउन सहज हुने प्रकारको हुनुपर्नेछ ।

(घ) केन्द्रको भवन स्थानीय नगर/गाउँ विकास समितिबाट स्वीकृत गरिएको नक्सा, सुविधा र शर्तहरुका आधारमा निर्माण गरिएको हुनु पर्नेछ ।

(ङ) केन्द्रको भौतिक, सामाजिक तथा साँस्कृतिक वातावरण पीडितहरुका लागि उत्प्रेरित गर्ने खालको हुनु पर्नेछ ।

(च) महिला, बालबालिका, अपाङ्गता एवं अशक्तहरुको विशेष प्रकारको आवश्यकतालाई संबोधन गर्ने खालका उपयुक्त साधन, सुविधायुक्त फर्निचर र उपकरणहरु भएको हुनु पर्नेछ ।

(छ) पीडित महिला, पुरुष र बालबालिकाका लागि छुट्टाछुट्टै भवन हुनुपर्ने छ ।

तर केन्द्रमा पुरुष, महिला तथा वालवालिकाको लागि तत्काल छुट्टाछुट्टै भवनको व्यबस्था गर्न नसक्ने अवस्था भएमा केहि समयका लागि अर्को व्यवस्था गर्ने गरी महिला तथा वालवालिकालाई एउटै भवनको अलग्गै कोठाहरुमा राख्न सकिनेछ ।

(ज) संरक्षितहरु मध्ये पनि विरामीहरु वस्नको लागि छुट्टै कोठा तथा ओछ्यान सहितको बिशेष व्यवस्था गर्नु पर्नेछ ।

(झ) बालबालिकाका लागि खेलौना सहितको अलग्गै खेल्ने कोठाको व्यवस्था हुनु पर्नेछ ।

(ञ) झ्याल राखिएका हावा खेल्ने कोठाहरू हुनुपर्नेछ ।

(ट) कोठामा प्रतिव्यक्ति एकजना बस्ने भए क्षेत्रफल (Room Space) ६४ वर्गफिट र दुई वा सो भन्दा बढी बस्ने भए १४४ वर्गफिट हुनु पर्नेछ ।

तर यसरी संरक्षित व्यक्तिलाई राख्दा एककोठामा जतिसुकै ठुलो भएपनि ५ जना भन्दा बढिलाई राख्न पाईने छैन ।

(ठ) प्रत्येक संरक्षित व्यक्तिका लागि छुट्टाछुट्टै खाटको व्यवस्था हुनुपर्नेछ ।

(ड) भुईंमा उपयुक्त कार्पेट, झ्यालमा पर्दा र लेखपढ गर्न आवश्यक फर्निचरको व्यबस्था हुनुपर्नेछ ।

(ढ) मनोविमर्श (Psycho-social Counseling), मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझाकक्ष(Common Room), आगन्तुक भेटघाट कक्ष (Visitor Room), भान्छा कोठा तथा खाने कक्षको व्यबस्था छुट्टाछुट्टै हुनुपर्नेछ ।

(ण) शौचालय तथा स्नान कक्ष आवश्यकता अनुसारको ब्यबस्था हुनुपर्नेछ । बालबालिकाको हकमा बालक र बालिकाको लागि अलग अलग बालमैत्री शौचालयको व्यवस्था गरिनुपर्नेछ ।

(त) सुविधा उपलब्ध भएका स्थानमा आवश्यकता अनुसार सञ्चार सुबिधाको पहुँच तथा कम्तिमा सामूहिक टेलिभिजनको ब्यबस्था हुनुपर्नेछ ।

(थ) ठाउँ हेरी पंखा, हिटरको ब्यबस्था हुनुपर्नेछ ।

(द) आवश्यकता अनुसार पानीको व्यबस्था हुनुपर्नेछ ।

(ध) नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, आदिको व्यबस्था हुनुपर्नेछ ।

(५) **भोजन :** (क) केन्द्रले प्रत्येक संरक्षित मानिसहरुको लागि प्रतिव्यक्ति दैनिक कम्तिमा दुई हजार चार सय क्यालरी हुने गरी दैनिक दुई पटक भर पेट (खानाको रुपमा) र कम्तिमा एक पटक खाजाको रुपमा पोषणयुक्त स्वस्थ्यकर भोजनको व्यवस्था गर्नु पर्नेछ। खानाका प्रकारमा पाईने क्यालरीको स्तर(लेभल) टेवुल अनुसूचि ९ अनुसार हुनुपर्नेछ ।

(ख) बालबालिका एवम् गर्भवती र सुत्केरीहरुका लागि थप पोषणयूक्त भोजनको व्यवस्था गर्नुपर्नेछ ।

(ग) भोजनका परिकारका बारेमा संरक्षित व्यक्तिहरु र केन्द्र व्यवस्थापन वीच छलफल गरी तय गर्नुपर्नेछ ।

(घ) भोजन तयार गर्ने कर्मचारीहरु (कुक) उचित पोषण प्रशिक्षण सहितको हुनुपर्नेछ ।

(ङ) केन्द्रले शुद्ध र सफा पिउने पानीको व्यवस्था गनुपर्नेछ ।

(च) केन्द्रभित्र खाद्य वस्तुहरुको भण्डारण सुरक्षित ढंगले गरिनु पर्नेछ ।

(६) **लत्ताकपडा :** केन्द्रमा संरक्षित व्यक्ति भर्ना भएपछि जाडो र गर्मीका लागि आवश्यकता अनुसार लत्ता कपडा उपलब्ध गराउनु पर्नेछ । यसका अत्तिरिक्त संरक्षित ब्यक्तिलाई देहाय बमोजिमका थप सुबिधा उपलब्ध गराउनु पर्नेछ :–

(क) बालबालिकाका हकमा किताब बोक्ने झोलासहित दुई जोर विद्यालय पोशाक उपलब्ध गराउनु पर्नेछ ।

(ख) सुत्केरी तथा महिनावारी भएकाहरुलाई सुत्केरी हुँदा लगाउने बिशेष खालका कपडा तथा महिनावारी हुँदा चाहिने भित्रि कपडा र नवजात शिशुको लागि आवश्यकता अनुसार छुट्टै सेवा उपलब्ध गराउनु पर्नेछ ।

(ग) लत्ता कपडाहरुको छनौट सकेसम्म संरक्षित व्यक्तिको सल्लाहमा उपलब्ध गराइनु पर्नेछ ।

(घ) केन्द्रले संरक्षित व्यक्तिहरुका लागि कुनै पनि विशेष प्रकारको युनिफर्म (Uniform)तोक्नु हुदैन ।

(ङ) केन्द्रद्धारा संरक्षित व्यक्तिको केशको (कपाल) बारेमा कुनै विशेष नियम लागू गरिनु हुदैन ।

# परिच्छेद ४

# पुनर्स्थापना केन्द्रको व्यवस्थापन

१९ **पुनर्स्थापना केन्द्रको व्यवस्थापन :** (१) केन्द्र सचांलन गर्ने सस्थाले केन्द्रको व्यवस्थापनको लागि एक व्यवस्थापन समिति गठन गर्नुपर्ने छ ।

(२) व्यवस्थापन समितिको कूल संख्यामध्ये कम्तीमा पचास प्रतिशत महिला हुनु पर्नेछ ।

(३) केन्द्रले आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विषयमा दक्षता र अनुभव भएका व्यक्तिहरुबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) केन्द्रमा रहेका प्रत्येक संरक्षित व्यक्तिहरुको छुट्टा–छुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नु पर्नेछ ।

(५) केन्द्रमा व्यबस्थापन समितिले गोपनीयताको लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(६) जिल्ला व्यवस्थापन समितिले तोकेबमोजिम खोल्ने गरी केन्द्रमा सुझाव पेटिकाको व्यवस्था गर्नु पर्नेछ ।

(७) केन्द्रको व्यवस्थापन र संचालनमा संरक्षित व्यक्तिहरुको सहभागिता गराउनु पर्नेछ ।

(८) केन्द्रको व्यवस्थापन समितिले केन्द्रभित्र देहाय बमोजिमका मापदण्डहरुलाई लागू गर्नु पर्नेछ ।

(क) केन्द्रको गतिविधि पारदर्शी हुनु पर्नेछ ।

(ख) अत्यावश्यक बाहेक यस्ता केन्द्रहरुमा कुनै पनि पुरुष कर्मचारी हुनु हुदैन ।

(ग) केन्द्रका वार्डेन, चौकिदार केन्द्रमै वस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) केन्द्रमा मर्का पर्ने व्यक्तिले आफूलाई मर्का परेको विषयमा व्यवस्थापन समिति समक्ष उजुरी गर्ने अधिकार हुनेछ । व्यवस्थापन समितिले केन्द्र भित्र जुनसुकै सदस्यहरु उपर उजुरी परेमा पनि छानवीन गर्नु पर्नेछ ।

(ङ) केन्द्रले छानवीनको प्रगतिबारे उजुरीकर्तालाई जानकारी दिइनुपर्नेछ तर यस्ता उजुरी, छानवीनको प्रकृया र नतिजालाई गोप्य राख्नु पर्नेछ ।

(च) केन्द्र भित्र कुनै प्रकारको दुर्घटना, वा अपराधजन्य घटना भएमा यथासिघ्र स्थानीय प्रहरी र प्रशासनलाई खवर गर्नु पर्नेछ ।

(छ) केन्द्रले कुनै संरक्षित व्यक्ति कुनै प्रकारको लागु औषध वा मद्यपानको शिकार भए/नभएको यकिन गर्नु पर्नेछ । लागु औषध वा मद्यपानको शिकार भएको पाइएमा उपचारको व्यवस्था गर्ने वा सम्बन्धित केन्द्रमा सिफारिस गर्नुपर्नेछ ।

(ज) केन्द्रभित्र संरक्षित व्यक्ति लगायत अन्य सबैलाई लागु औषध वा मद्यपान कडाइका साथ निषेध गर्नुपर्नेछ ।

(झ) केन्द्र भित्र नेपाल कानुनले गैरकानुनी भनी घोषणा गरेका कुनैपनि क्रियाकलाप गर्न, गराउन कसैलाई पनि स्वीकृति दिइने छैन ।

(ञ) केन्द्रभित्र कसैलाई पनि अमर्यादित लुगा लगाउन छुट दिइने छैन ।

(ट) केन्द्रभित्र आपत्कालिन अवस्थामा बाहेक तोकिएको समयावधिमा मात्र आवागमन र वर्हिगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।



(ठ) केन्द्रमा संरक्षित व्यक्तिहरुलाई जात, जाती, वर्ण, वर्ग, रङ्ग, लिङ्ग, भाषा, धर्म, बिचार, भौगोलिक, वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म अथवा अन्य हैसियतको कारणबाट कुनै किसिमको भेदभाव गरिनु हुदैन । सबैलाई सद्भावपूर्ण र समान ब्यबहार गरीनु पर्नेछ

(ड) केन्द्रभित्र हरेक संरक्षित व्यक्तिहरुको बिहान देखि बेलुकासम्म गर्ने दैनिक कामको कार्य तालिका बनाईनेछ । उक्त तालिकालाई संरक्षित व्यक्तिहरुले पालना गर्नु पर्नेछ । यसरी बनाईने कार्यतालिका संरक्षित व्यक्ति र केन्द्रका कर्मचारीले सहमति गरी बनाउनु पर्नेछ ।

(ढ) केन्द्रभित्र गरिने हरेक सामूहिक कृयाकलाप समूह बिभाजन गरी सबैले मिलेर आलोपालो प्रणाली अपनाएर गर्नुपर्नेछ ।

२०. **केन्द्रको लेखापालन** : (१) केन्द्रले आफ्नो लेखा दोहोरो लेखा प्रणालीमा राख्नु पर्नेछ तथा श्रेस्ता छुट्टै हुनुपर्नेछ ।

(२) केन्द्रले आफ्नो आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात दुरुस्त राख्नु पर्नेछ ।

(३) नेपाल सरकार आफैले सञ्चालन गरेको वा नेपाल सरकार महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयबाट व्यवस्थापन करारमा लिई सञ्चालन गरेका केन्द्रले आफ्नो आम्दानी खर्चको फाँटवारी मासिक रुपमा र अन्य सबै केन्द्रले वार्षिक रुपमा महिला तथा बालवालिका कार्यालयमा पठाउनु पर्नेछ । यस्तो आम्दानी खर्चको फाँटवारी विवरण कार्यालयले एक प्रति जिल्ला समितिमा राखी एक प्रति राष्ट्रिय समितिमा पठाउनु पर्नेछ ।

(४) केन्द्रले हरेक आर्थिक वर्ष व्यतीत भएको तीन महिना भित्र प्रचलित कानुन बमोजिम दर्तावाला लेखापरिक्षकबाट केन्द्रको लेखापरिक्षण गराउनु पर्नेछ ।

२१. **आर्थिक अनुगमन तथा खरिद प्रकृया :** केन्दले गर्ने खरिद प्रकृया, आर्थिक परिचालन तथा अनुगमन केन्द्र सञ्चालनको आर्थिक तथा कोष परिचालन निर्देशिकाद्धारा व्यवस्था गरिए बमोजिम हुनुपर्नेछ ।

२२.**आगन्तुकसंग भेटघाट:** केन्द्रमा आउने प्रत्येक आगन्तुकहरुलाई देहायबमोजिम व्यवस्था गर्नुपर्नेछः-

(१) केन्द्रमा भेटघाटका लागि आउने आगन्तुकका वारेमा सम्पूर्ण कुरा छानविन गरिसकेपछि प्रवेश गर्न योग्य ठहराईएको खण्डमा प्रवेश गर्न दिइने व्यवस्था गर्नुपर्नेछ । केन्द्र प्रवेश गर्ने प्रत्येक आगन्तुकले केन्द्रको परिसर भित्र केन्द्रले वनाएको आंचार सहिंता अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(२) केन्द्रको कर्मचारीको रोहवरमा मात्र आगन्तुकसँग भेटघाट गराउने व्यवस्था गर्नुपर्नेछ ।

(३) भेटघाटको निश्चित समय तालिका तय गर्नुपर्नेछ ।

(४) केन्द्रमा संरक्षित व्यक्तिको सुरक्षालाई मध्यनजर गर्दै आगन्तुकहरुले ल्याएको खानेकुरा संरक्षित व्यक्तिलाई दिइनेछैन ।

(५) अधिकारकर्मी, कानून व्यवसायी, पत्रकार, अनुसन्धानकर्ता लगायत अन्य सरोकारवालाहरुलाई केन्द्रको आचारसंहिता पालना गरेर मात्र केन्द्रमा प्रवेश दिईने छ ।

(६) केन्द्रको भेटघाट कक्षभन्दा अन्य क्षेत्रमा चिकित्सक, सफाइकर्मी लगायत केन्द्रका कर्मचारी बाहेक कसैलाई पनि प्रवेश गर्न दिइने छैन ।

(७) केन्द्रमा संरक्षित व्यक्तिहरुले पीडक भनेका वा अधिकार प्राप्त अधिकारीले अनुसन्धानको दायरा भित्र राखेका व्यक्तिहरु वा तिनका प्रतिनिधिहरु वा आफन्तहरुलाई संरक्षित व्यक्तिसँग भेटघाट गर्न दिइने छैन ।

(८) केन्द्र आफैंले सूचना सम्प्रेषण गर्ने प्रयोजनको लागि बाहेक केन्द्रमा संरक्षित व्यक्तिको कोही कसैले फोटो खिच्न पाईने छैन ।

(९) केन्द्रमा आउने आगन्तुकहरुले **अनुसूची १०** अनुसारको आचार संहितामा हस्ताक्षर गरि सकेपछि मात्र भेटघाटको लागि योग्य मानिने छ ।

२३. **अभिलेख :** (१) केन्द्रले केन्द्रभित्र आएका प्रत्येक व्यक्तिहरुको देहाय बमोजिम अभिलेख राख्नु पर्नेछ :-

(क) नाम दर्ता किताव ।

(ख) दैनिक हाजिरी किताव ।

(ग) व्यक्तिगत गोप्य फाइल ।

(घ) पीडित व्यक्तिलाई प्रदान गरिएको उद्धार, पारिवारिक पुनर्मिलनको सम्पूर्ण प्रकृया, शिक्षा तथा तालिम, निजको रुची, स्वास्थ्य उपचार मनोविमर्श तथा मनोचिकित्सा सेवा, कानुनी सेवा, निजमा आएको उत्प्रेरणाको विकासको विवरण Case History को अलग अलग लगत ।

(ङ) जिल्ला समितिले तोके बमोजिमको अन्य लगत ।

(च) व्यवस्थापन समितिको निर्णय किताब ।

(२) उपदफा एक बमोजिमको लगत एकमुष्ट अभिलेखीकरण गर्नु पर्ने छ ।

(३) अभिलेखीकरण गोप्य राखिनु पर्नेछ । अभिलेखीकरणको फायलमा निजको नाम उल्लेख नगरीकन कोड मात्र उल्लेख गर्नु पर्नेछ । कोडको नामको फायल बेग्लै कार्यालय प्रमुखसँग वा अभिलेखीकरण प्रमुख (focal person)सँग हुनु पर्नेछ ।

अभिलेख राख्दा यस निर्देशिकाको दफा ३५(२) बमोजिम प्रकृया अपनाउनु पर्नेछ हुनुपर्नेछ ।

२४. **केन्द्रको मर्मत संभार :** (१) केन्द्रको भवन, भवन भित्रका बिजुली , धारा लगायत अन्य सामग्रीहरु खाट, कुर्सी तथा कम्पाउण्ड पर्खाललाई समय समयमा मर्मत संभार गरिनु पर्नेछ ।

(२) मर्मत संभार गर्दा अत्यावश्यक कुराहरु सभंव भएसम्म छिटो छरितो तरिकाले मर्मत संहार गर्नुपर्नेछ ।



(३) मर्मत संभार कार्य आवस्यकता अनुसार बर्षको एक पटक गर्नुपर्नेछ ।

(४) मर्मत संभार गरेर सचांलनमा ल्याउन नसकिने कुनै पनि सामग्रीलाई प्रचलित कानूनको अधिनमा रही बिक्रि बितरण गर्न सकिनेछ ।

२५ **केन्द्रको सरसफाई को अबस्था र सेवाहरु :** (१) केन्द्रको परिसरलाई सधैं स्वच्छ वातावरण र सरसफाईयुक्त बनाईनु पर्नेछ ।

(२) केन्द्र भित्र दैनिक कम्तिमा एक पटक पोछा दुई पटक कुचो/झाडु , एक पटक शौचालय तथा स्नान गृहको सरसफाई गर्नु पर्दछ । तर आवश्यक परेमा जति पटक पनि सफा गर्न सकिने छ ।

(३) केन्द्र वरिपरि बगैचा तथा स्वच्छ हरियालीको व्यवस्था हुनुपर्नेछ ।

(४) केन्द्रको आवास कोठा, भान्सा घर र खाना खाने कोठाको सरसफाईको विशेष ध्याल पुऱ्याउनु पर्नेछ ।

२६. **केन्द्रको सुरक्षा :** (१) केन्द्रभित्र संरक्षित व्यक्तिहरुको व्यक्तिगत सुरक्षा समेतको निमित्त एक सुरक्षा संयन्त्र हुनु पर्नेछ । सो सयन्त्रले केन्द्र भित्रको सुरक्षालाई ब्यबस्थित गर्नुपर्ने छ । सुरक्षा संयन्त्रमा केन्द्रको कार्यक्रम प्रमुख वा केन्द्र प्रमुखको संयोजकत्वमा उसले नियुक्त गरेका अन्य कर्मचारी, स्थानीय व्यक्तिहरु, जिल्ला समितिले तोकेका सुरक्षा निकायसँग सम्बन्धित ब्यक्तिहरु र सुरक्षा गार्डहरु सदस्य रहने छन् । त्यस्तो सुरक्षा संयन्त्रले केन्द्रको सम्पुर्ण सुरक्षा व्यवस्थापन गर्नु पर्नेछ । सुरक्षा संयन्त्रले केन्द्रको सुरक्षा प्रणाली अपनाउँदा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) केन्द्र भित्रका सम्पूर्ण भौतिक सुविधाहरुको प्रयोग संरक्षित व्यक्तिहरुलाई संरक्षण गर्ने बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरिनु हुदैन ।

(ख) प्रत्येक पीडित व्यक्तिसँग सम्बन्धित मुद्धाहरुको गम्भिर्यताका आधारमा हुन सक्ने खतराको मूल्यांकन गरी सोही अनुसार सुरक्षाको प्रवन्ध गर्नुपर्नेछ ।

(ग) केन्द्रको सवारी साधनमा कुनैपनि प्रकारको परिचयात्मक चिन्ह राखिनु हुदैन ।

(घ) केन्द्रको प्रवेश द्वारमा आवश्यक सुरक्षा जाँचको व्यवस्था गर्नुपर्नेछ ।

(ङ) केन्द्रले आकस्मिक सेवा,आकस्मिक दुर्घटना एवम् प्रकोपका वखत अपनाउन पर्ने आकस्मिक योजना वनाई संरक्षित व्यक्तिलाई अनुशिक्षण प्रदान गर्नु पर्नेछ ।

(च) तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण हुनु पर्नेछ ।

(छ) केन्द्रको भवनमा आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको हुनु पर्नेछ ।

(ज) केन्द्रका आवासीय कर्मचारीलाइ प्राथमिक स्वास्थ्य सेवा र सुरक्षाबारे तालिम दिइनु पर्नेछ ।

(२) सुरक्षा संयन्त्रले केन्द्रको साथै संरक्षित व्यक्तिको साक्षिको सुरक्षा तथा निजसँग रहेका प्रमाण को सुरक्षाको प्रवन्ध आफूलै सकेको आफैले र आफूले नसक्ने अवस्थामा जिल्लाको सुरक्षा निकायसँग समन्वय गरी गर्नु पर्नेछ ।

(३) केन्द्रको भवनमा चौबीसै घण्टा पहरा दिन सक्ने गरी चौकीदार(सुरक्षाकर्मी)को ब्यवस्था गरिनु पर्नेछ र केन्द्रमा उक्त चौकीदारसुरक्षाकर्मी)ले देहाय बमोजिम काम गर्नु पर्नेछ :-

(क) प्रवेशद्धारमा पहरा, सुरक्षा जाँच तथा आगन्तुकको रेकर्ड राख्ने र भेटघाटका लागि आवस्यक ब्यवस्था मिलाउन सहयोग गर्नु पर्नेछ ।

(ख) केन्द्र परिसर वरिपरि घुमिघुमी सुरक्षाको ब्यवस्था गर्नुपर्नेछ ।

(४) चौकीदार(सुरक्षाकर्मी) सकेसम्म महिलालाई राख्नु पर्नेछ। तर संभव नभएमा वा षुरुष पनि राख्नै पर्ने देखिएमा कम्तिमा ५० प्रतिशत महिला हुनु पर्नेछ।

(५) केन्द्र भवन भित्र वरिपरि घुमेर सुरक्षा दिने काम महिला चौकीदार(सुरक्षाकर्मी)ले मात्र गर्नु पर्नेछ।

(६) चौकिदार (सुरक्षाकर्मी) बस्नका लागि केन्द्र भित्रै पृथक घर बनाइएको हुनु पर्नेछ।

(७) सुरक्षाकर्मीको छनौट गर्दा पुर्व प्रहरी,आर्मी वा सुरक्षा निकायमा काम गरिसकेकालाई प्राथमिकतामा राखी तालिम प्राप्तलाई मात्र छनौट गर्नु पर्नेछ। बिभिन्न सेक्युरिटी कम्पनीसँग समन्वय गरी कम्पनीका तालिम प्राप्त सुरक्षाकर्मीहरु लाई छनौट गर्न सकिनेछ।

## परिच्छेद ५

# पुनर्स्थापना केन्द्रमा कर्मचारीको ब्यवस्थापन तथा तालिम

२७. **केन्द्रको कर्मचारी र व्यवस्थापन :** (१) केन्द्रमा कर्मचारीको व्यवस्था गर्दा देहाय बमोजिम प्रर्याप्त प्रशिक्षित जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

(क) केन्द्रमा प्रशिक्षित महिला कर्मचारीको नियुक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

(ख) नियमित कर्मचारीले केन्द्रमा चौबिस घण्टा सेवा प्रदान गर्नुपर्नेछ ।

(ग) कर्मचारी भर्ना गर्दा आवश्यकताको सूचना जारी गरी इच्छुक आवेदकको व्यक्तिगत विवरण समेत हेरी लिखित,मौखिक परीक्षा वाट छनौट गर्नु पर्नेछ ।

(घ) मनोविमर्शकर्ता, चिकित्सक, कानुनी सल्लाहकार, प्रशिक्षक, स्वास्थ्यकर्मी भनेका बेला उपलव्ध हुने गरी आवश्यक सङ्ख्यामा हुनु पर्नेछ ।

(ङ) कर्मचारी नियुक्ती गर्दा निजको पृष्ठभूमि, नैतिक आचरण, बिगतका कामको अनुभब,योग्यता र क्षमताको आधारमा गरिनु पर्नेछ ।

(२) केन्द्रमा कर्मचारी व्यवस्थापन गर्दा नियमित र आवश्यकताको आधारमा दुई किसिमका कर्मचारीको व्यवस्था गर्नु पर्नेछ ।

(अ) केन्द्रमा नियमित तर्फ कम्तिमा निम्न अनुसारको जनशक्ति हुनुपर्नेछ :

केन्द्र प्रमुख........................................................ १ जना,
मनोविमर्शकर्ता .................................................. १ जना ,
परिचारिका वा स्वास्थ्य सहायक ...............................१ जना,
वार्डेन ..............................................................१ जना
खाना पकाउने भान्से तथा सरसफाईमा सहयोगी........... १ जना
चौकिदार/सुरक्षा गार्ड..........................................२ जना
सामाजिक कार्यकर्ता (केस म्यानेजर..)..................... १ जना

नियमित जनशक्तिको योग्यता कम्तिमा देहाय बमोजिमको हुनुपर्नेछ ।

(क) केन्द्र प्रमुख : न्युनतम मानव अधिकार, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जानकार भई सरकारी तथा गैरसरकारी निकाय एवं सरोकारवालाहरुसँग समन्वय, सहकार्य गर्नसक्ने तथा व्यबस्थापकीय ज्ञान तथा क्षमता भएको, केन्द्रको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न सक्ने, केन्द्रको नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने तथा केन्द्रले तोकेको अन्य शैक्षिक योग्यता हासिल गरेको व्यक्ति हुनुपर्नेछ ।

(ख) मनोविमर्शकर्ता : कम्तिमा ७२० घण्टाको मनोविमर्श सम्बन्धी तालिम लिएको वा कुनै पनि विस्वबिद्यालय वा नेपाल सरकारबाट मान्यता प्राप्त कुनै पनि काउन्सिलबाट प्रमाणीत व्यक्ति जसले केस (case) हरुलाई व्यवस्थित गर्न सक्दछ र केन्द्रले तोकेको अन्य शैक्षिक योग्यता प्राप्त हुनुपर्नेछ ।

(ग) परिचारिका तथा स्वास्थ्य सहायक : मान्यता प्राप्त निकायबाट कम्तिमा अ.न.मी वा सि. एम. ए. पास गरेको अनुभवी र केस (case) लाई व्यवस्थित गर्न सक्ने व्यक्ति हुनुपर्नेछ ।



(घ) वार्डेन: केन्द्रभित्रको सम्पुर्ण व्यबस्थापन(केन्द्रभित्रको समय व्यबस्थापन, भेटघाट व्यबस्थापन, मनोरञ्जनको ब्यबस्थापन) गर्न सक्ने, र केन्द्रले तोकेको शैक्षिक योग्यता प्राप्त हुनुपर्नेछ ।

(ङ) सामाजिक कार्यकर्ता (केस म्यानेजर): अध्ययन अनुसन्धान तथा लेखाजोखाको ज्ञान तथा क्षमता भएको मानिसको मनोभावना बुझेर काम गर्न सक्ने ब्यवस्थापकीय तथा समन्वयकारी भूमिका खेल्न सक्ने .तथा केन्द्रले तोकेको अन्य शैक्षिक योग्यता हासिल गरेको व्यक्ति हुनुपर्नेछ ।

(च) चौकिदार: केन्द्रको सम्पूर्ण रेखदेख गर्न सक्ने हुनुपर्नेछ ।

(आ) आवश्यकताको आधारमा जनशक्ति : केन्द्रमा आवश्यकताको आधारमा कम्तिमा देहाय बमोजिमको जनशक्ति हुनुपर्नेछ ;

(क) चिकित्सक : आवश्यकता अनुसार केन्द्रको क्लिनिकमा आएर विरामिको जाँच र उपचार गर्ने र केन्द्रले खोजेको बखत जुनसुकै समयमा पनि उपलब्ध हुने स्वास्थ्य काउन्सिलबाट मान्यता प्राप्त कम्तिमा मेडिकल अधिकृत वा सो सरहको चिकित्सक ।

(ख) कानुनी सल्लाहकार : केन्द्रको तथा संरक्षित व्यक्तिको आवश्यकता अनुसार कानूनी सहयोग प्रदान गर्ने कम्तिमा मानव बेचविखन तथा ओसारपसारको नियन्त्रणको क्षेत्रमा अनुभव प्राप्त, सामान्य परामर्शको दक्षता प्राप्त नेपाल बार काउन्सिलबाट कम्तिमा अधिबक्ता वा सो सरहको मान्यता प्राप्त कानून व्यवसायी ।

(ग) प्रशिक्षक: पुनर्स्थापना केन्द्रमा प्रशिक्षक प्रशिक्षण TOT लगायत का सम्बन्धित बिषयमा दखल राख्ने कम्तिमा एक जना सीपमूलक तालिमको प्रशिक्षक हुनुपर्नेछ अथवा केन्द्रले कुनै तालिम केन्द्रसँग समन्वय गरी तालिमको व्यवस्था मिलाउन पनि सक्नेछ ।

२८. **स्वंय सेवकको ब्यवस्था :** (१) केन्द्रमा भएका कर्मचारीहरुले मात्र आवश्यक सेवाहरु प्रदान गर्न अपुग भएमा केन्द्रले स्वंय सेवकहरु राख्न सक्नेछ । यस्ता स्वंय सेवकहरु आवश्यकताको सूचना निकाली प्राप्त रित पूर्वकको निवेदन मध्ये ब्यवस्थापन समितिले छानविन गरी नियुक्त गर्न सक्नेछ ।

(२) देहाय बमोजिम नभई कुनै व्यक्ति स्वंय सेवकको लागि योग्य मानिने छैन :-

(क) कानुनले नैतिक पतन हुने वा फौजदारी अभियोग नलागेको हुनुपर्नेछ ।

(ख) कम्तिमा कुनैपनि देशको माध्यमिक शिक्षा हासिल गरेको हुनुपर्नेछ ।

(ग) कम्तिमा २० वर्षको उमेर पूरा गरेको हुनुपर्नेछ ।

(घ) केन्द्रमा रहेका संरक्षित व्यक्तिहरुको शंकाको घेरामा (वेचविखन ओसारपसारमा संलग्नताको आशंका गरिएको वा आशंका गरिएको मानिसको आफन्त वा साथी) नभएको हुनुपर्नेछ ।

(३) स्वंय सेवक नियुक्त गर्दा समयावधि, सेवा सुबिधा तथा उसले गर्ने जिम्मेवारी तोकेर नियुक्ती पत्र दिनु पर्नेछ ।

(४) केन्द्रले कुनै पनि स्वंय सेवकलाई नियुक्त गर्दा वढिमा छ महिनासम्मको लागि नियुक्ती पत्र दिनु पर्नेछ ।

तर निजलाई ६ महिना भन्दा वढि केन्द्रमा राख्न उपयुक्त छ भन्ने लागेमा नियुक्त गर्न सकिनेछ ।

(५) स्वंय सेवकले केन्द्रको परिधिभित्र रात बिताउन पाउने छैनन्, निजहरुले बिहान ६ वजे देखि साफ ७ वजे सम्म मात्र केन्द्रको व्यवस्थापन समितिले तोकेको समयमा सेवा पुऱ्याउनु पर्नेछ ।

(६) विदेशीलाई स्वंयसेवक नियुक्त गर्नु पर्दा समाजकल्याण परिषद्बाट पूर्व स्वीकृत लिनुपर्नेछ ।

(७) स्वंय सेवकले केन्द्रमा संरक्षित व्यक्तिहरुलाई केन्द्र वाहिर घुमाउन लैजान पाउने छैन ।

**२९. कर्मचारी तालिम र विकास:** (१) केन्द्रले प्रत्येक कर्मचारीहरुलाई निश्चित समय निजले वहन गर्नुपर्ने जिम्मेवारी तथा अपनाउने कार्यविधिको बारेमा प्रशिक्षण प्रदान गरे पछि मात्र काममा लगाउनु पर्नेछ ।

(२) केन्द्रले प्रत्येक कर्मचारीलाई समय-समयमा पुनर्ताजगी तालिम प्रदान गर्नु पर्नेछ ।

(३) केन्द्रको प्रत्येक कर्मचारीहरुलाई मानव वेचविखन ओसारपसारका विविध पक्ष, पीडितहरुको मानसिकता र आवश्यकताका विषयमा अनुशिक्षण प्रदान गर्नु पर्नेछ ।

(४) केन्द्रका प्रत्येक कर्मचारीलाई अनिवार्य वार्षिक बिदाको व्यवस्था गर्नु पर्नेछ ।

(५) केन्द्रका कर्मचारीलाई समय मिलाएर अन्य यस्तै केन्द्रमा अवलोकन भ्रमण गराउनु पर्नेछ ।

(६) केन्द्रले राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न संघ संस्थाहरुले प्रदान गर्ने तालिम गोष्ठी तथा निजको व्यक्तित्व विकास हुने कार्यक्रममा संलग्न हुन प्रोत्साहन तथा अवसर प्रदान गर्नु पर्ने छ ।

(७) केन्द्रका प्रत्येक कर्मचारीलाई उसको कार्यक्षमता र दक्षताका आधारमा वार्षिक रुपमा निश्चित रकममा वा प्रतिशतमा सेवा सुविधामा बृद्धि गर्ने व्यवस्था गर्नु पर्नेछ ।

**३०. केन्द्रका कर्मचारीले काम गर्ने समय तालिका** : (१) केन्द्रमा कर्मचारीहरुले चौबिसै घण्टा सेवा पुऱ्याउनु पर्ने भएकोले कर्मचारीहरुलाई ब्यबस्थापन समितिले साप्ताहिक ४८ घण्टा पर्ने गरी दैनिक ८ घण्टा का दरले साप्ताहिक ६ दिन काम गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

तर कहिलेकाहि कोहि (बिशेष प्रकारका[1]) कर्मचारी बिदा बस्नुपर्ने अवस्थामा अर्को कर्मचारीले थप समय (***Over time***) काम गर्नु पर्नेछ । यसरी थप समय (***Over time***) काम गर्दा केन्द्रले थप समय (***Over time***) को तलब सुबिधा वा सट्टाबिदा वा एकको तर्फबाट अर्को कर्मचारीले काम गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

यो थप समय (***Over time***) को तलब सुबिधा बिशेष प्रकारका कर्मचारीहरु[2]ले मात्र केन्द्रको आर्थिक स्रोत अनुसार पाउने छन् ।

(२) केन्द्रले कुनै कर्मचारीलाई थप समय काममा लगाउदा के कति कारणले लगाईएको हो र कति समय लगाईएको हो भन्ने कुरा कर्मचारी हाजिरी पुस्तिकामा खुलस्त पारी निज (थप समय काम गर्ने कर्मचारी) र निजको सुपरभाईजरले हस्ताक्षर हस्ताक्षर गराई अभिलेख राख्नु पर्नेछ ।

**३१. कर्मचारी बिदाको ब्यवस्था:** (१) केन्द्रको प्रशासनिक कार्य नेपाल सरकारले सार्वजनिक विदा भनी घोषणा गरेका दिन तथा राष्ट्रिय बिदाका दिन बन्द रहनेछ ।

1 बिशेष प्रकारका कर्मचारी भन्नाले केन्द्रमा चौबिसै घण्टा सेवा पुऱ्याउनुपर्ने अत्यावश्यक कर्मचारीहरु हुन ।

2 बिशेष प्रकारका कर्मचारीहरु को को हुन् भनी जिल्ला समितिले निर्धारण गर्नु पर्नेछ ।



(२) सार्वजनिक बिदाका दिन केन्द्र भित्रका अत्यावश्यक कर्मचारी(बिशेष प्रकारका) बाहेक सबैलाई बिदा दिनु पर्नेछ ।

(३) सार्बजनिक बिदाको दिन बाहेक केन्द्रका कर्मचारीले वार्षिक रुपमा पाउने बिदा केन्द्रको आफ्नो नीति अनुसार तय हुनेछ ।

**३२. केन्द्रका कर्मचारीको सुपरीवेक्षण** : (१) केन्द्रका कर्मचारीहरुको नियमित सुपरीवेक्षण ब्यबस्थापन समितिले गर्नुपर्नेछ ।

(२) ब्यबस्थापन समितिले गरेको नियमित सुपरीवेक्षणको प्रतिबेदन केन्द्रमा राख्नु पर्नेछ ।

(३) केन्द्रको सुपरीवेक्षण र अनुगमन जिल्ला समिति र राष्ट्रिय समितिले गर्न सक्नेछ ।

**३३. केन्द्रका कर्मचारीको तनाव ब्यवस्थापन** : (१) केन्द्रमा प्रत्यक्षरुपमा संरक्षित व्यक्तिहरुसँग काम गर्ने कर्मचारीहरुलाई देहाय बमोजिमको तनाव ब्यवस्थापन सेवाको ब्यवस्था गर्नुपर्नेछ ।

(क) एक अर्काको अनुभव तथा समस्याको आदान प्रदान गर्ने कार्यशाला गोष्ठी (sharing workshop)

(ख) आफ्नो समस्या कस्तो हो भनेर आफै पत्ता लगाउने कृयाकलाप (Self awarness activities)

(ग) आफ्नो शरीर र दिमाग सन्तुलन गर्ने उपाय (Mind & body balances)

(घ) आरामदायी अभ्यासको प्रयोग ( Use of relaxatation technique)

(२) केन्द्रमा प्रत्यक्ष रुपमा संरक्षित व्यक्तिहरुसँग काम गर्ने कर्मचारीहरु वाहेक अन्य कर्मचारीहरुलाई पनि उपदफा १ को सेवामा संलग्न गराउन सकिनेछ

(३) केन्द्रका कर्मचारीलाई तनाव ब्यवस्थापन सेवा दिंदा केन्द्रले care for care giver facilitator द्धारा दिने ब्यवस्था मिलाउनु पर्नेछ ।

**३४. केन्द्रको बडापत्र कार्यबिधि (Standard Operating) तथा आचार सहिंता:** (१) केन्द्रले पुऱ्याउने सम्पूर्ण सेवाहरु, जिम्मेवार कर्मचारी,सेवा पाउने स्थान तथा विधि उल्लेख भएको वडापत्र सबैले देख्ने गरी केन्द्रको हाताभित्र वा भित्तामा टाँस्नु पर्नेछ ।

(२) केन्द्रका कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरुले पालना गनुपर्ने देहाय बमोजिमका आचार संहिता कार्यालय भित्र सबैले देख्ने गरी बोर्डमा वा भित्तामा लेखी राख्नु पर्नेछ ।

(क) संरक्षित व्यक्तिसँग सवैले सभ्य, नम्र र इज्जतका साथ व्यवहार गर्नुका साथै समानार्थी शब्दको मात्र प्रयोग गर्नुपर्नेछ, अपशव्द, कुटपिट, आदि गर्नु हुदैन ।

(ख) सवै संरक्षित व्यक्तिलाई सौहार्दपूर्ण वातावरणमा वस्न लगाउनु पर्नेछ ।

(ग) संरक्षित व्यक्तिलाई सजायको रुपमा गाली गर्ने, कुटपिट गर्ने थुक्ने वा थुन्ने आदि जस्ता कार्य गर्न हुदैन ।

(घ) कुनैपनि प्रकारको धार्मिक आस्थामा प्रभाव पार्ने कार्य र धार्मिक आस्थाका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्नु हुदैन ।

(ङ) उद्धार, संरक्षण र पारिवारिक पुनर्मिलनका क्रममा पीडित व्यक्तिलाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चित गरिनुपर्ने छ ।

(च) केन्द्रमा काम गर्ने कर्मचारीले वाहिर (केन्द्र भन्दा अलग्गै) कुनैपनि श्रोतबाट उपहार, दान, वा सोहि कामको लागि तलब लिने कार्य गर्नु हुदैन ।

(छ) कुनैपनि सूचना वाहिर ल्याउने तथा पत्र-पत्रिकामा छपाउने कार्य गर्न गराउन हुदैन ।

(ज) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन ।

(३) केन्द्रका संरक्षित व्यक्तिहरुले देहाय बमोजिमको आचार संहिता पालना गनुपर्नेछ । उक्त आंचार संहिता केन्द्रको कार्यालयभित्र सबैले देख्ने गरी बोर्डमा वा भित्तामा लेखी राख्नु पर्नेछ ।

(क) प्रत्येक संरक्षित व्यक्तिले केन्द्रका कर्मचारीको निर्देशन मान्नु पर्नेछ ।

(ख) संरक्षित व्यक्तिले कसैसँग पनि टेलिफोन वा अन्य कुराकानी गर्दा वा भेटघाट गर्दा केन्द्रका कर्मचारीको रोहवरमा मात्र गर्नु पर्नेछ ।

(ग) संरक्षित व्यक्ति केन्द्र बाहिर निस्कदा केन्द्रका कर्मचारीसँग अनिवार्य स्वीकृति लिनु पर्नेछ ।

(घ) संरक्षित व्यक्तिले केन्द्रभित्र सबैलाई आदरार्थी शब्दको प्रयोग गर्नु पर्नेछ । तँ, तिमी जस्ता शव्दको प्रयोग गर्न पाईने छैन ।

(ङ) प्रत्येक संरक्षित व्यक्तिलाइ आ-आफ्नो धार्मिक आस्था अनुरुपको व्यवहार गर्ने छुट हुनेछ ।

(च) केन्द्रको स्वीकृति विना प्रत्येक संरक्षित व्यक्तिले वाहिर कुनैपनि श्रोतबाट उपहार, दान लिने कार्य गर्नु हुदैन ।

# परिच्छेद ६

# पुनर्स्थापना केन्द्रले प्रदान गर्ने सेवा

**३५ केन्द्रमा आएका पीडितहरुलाई केन्द्रले पु¥याउने सेवा :**

केन्द्रमा प्रदान गरिने सेवा देहाय बमोजिम हुनेछ : -

(१) संस्थाको बारेमा अभिमुखीकरण: संस्थामा आएका सम्पूर्ण सेवाग्राहीलाई सुरुमा संस्थाले प्रदान गरिने सेवाहरु, समयावधि लगायत संस्थाको बारेमा अभिमुखीकरण गर्नुपर्नेछ ।

(२) संस्थाको बारेमा अभिमुखीकरण गरिसकेपछि सेवाको लागि आएको पीडितको बारेमा सामान्य जानकारी लिनु पर्नेछ ।

(३) सामान्य जानकारी लिएपछि दफा ६ बमोजिमका लक्षित समूहको व्यक्ति हो भनी एकिन भएमा केन्द्रमा तुरुन्तै स्वास्थ्य लगायत मनोसामाजिक सेवा प्रारम्भ गरिने छ ।

(४) केन्द्रमा यसै निर्देशिकाको दफा ६ बमोजिमका लक्षित समूह भित्र पर्ने पीडित ब्यक्तिलाई संरक्षण प्रदान गर्न स्थान अभाव भएको अवस्थामा अन्य पुनर्स्थापना केन्द्र वा संरक्षण गृहमा सिफारिस गरिनु पर्नेछ ।

(५) केन्द्रभित्र कुनै पनि मानिस पीडित हो भन्ने लेखाजोखा भए पश्चात घट्ना व्यवस्थापन टोली गठन गर्नु पर्नेछ ।

(२) केन्द्रमा आएका पीडितहरुलाई सेवा शुरुवात गर्नुपूर्व प्रमाणिकरण तथा भर्ना प्रक्रिया अपनाउनु पर्नेछ । प्रमाणिकरण तथा भर्ना प्रक्रिया अपनाउदा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) ऐन तथा नियमावलीमा उल्लेखित परिभाषाहरुको आधारमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्ति हो वा होईन पहिचान गर्नु पर्नेछ ।

(ख) पीडित व्यक्तिको समस्या वमोजिम केन्द्रमा उपलब्ध सेवालाई सुलभ रुपमा प्रदान गर्न निजको स्वास्थ्य, मनोसामाजिक, कानूनी, आर्थिक, पारिवारिक, शैक्षिक आवश्यकताको बारेमा तत्कालिन अवस्थाको लेखाजोखा गर्नुपर्नेछ ।

(ग) पीडित व्यक्तिलाई मैत्रीपूर्ण व्यवहारले अर्न्तवार्ता लिनुपर्ने छ र बिश्वासको वातावरण सृजना गर्नुपर्नेछ ।

(घ) पीडित व्यक्तिको नाम, उमेर, ठेगाना र तत्कालिन आवश्यकता पहिचान गर्नुपर्नेछ ।

(ङ) पीडित व्यक्तिलाई उद्धार पश्चात केन्द्रमा ल्याइसकेपछि केन्द्रमा समायोजन गराउने वातावरणको सृजना गर्नुपर्नेछ ।

(च) पीडित व्यक्तिलाई केन्द्रमा ल्याइसकेपछि जतिसक्दो छिटो पीडित व्यक्तिको अवस्था हेरी केन्द्रको संरक्षणको उद्देश्य, नियम, केन्द्रले प्रदान गर्ने सेवाहरु र त्यसका सीमितता र कार्यप्रणालीको बारेमा जानकारी गराउनु पर्नेछ ।

(छ) पीडित व्यक्तिलाई केन्द्र भित्र गर्न हुने, नहुने क्रियाकलाप तथा अनुशरण गर्नुपर्ने अनुशासन बारे अभिमुखीकरण गराउनु पर्नेछ ।

**यस प्रक्रियामा केन्द्रले संरक्षित ब्यक्तिको जानकारी लिन अनुसूची ११ फाराम नं १ भर्नुपर्नेछ ।**



(३) पीडित व्यक्ति केन्द्रमा आईसके पछि केस (case) अभिलेखीकरण गर्नुपर्नेछ । अभिलेखीकरण गर्न अर्न्तवार्ता लिँदा देहाय बमोजिमका कुराहरुलाई ध्यान दिनुपर्ने छ :-

(क) केन्द्रको तालिम प्राप्त व्यक्तिले अर्न्तवार्ता लिनुपर्नेछ ।

(ख) केन्द्रका सेवा प्रदायकहरु मानव बेचबिखन र त्यसका संभावित असरहरु बारे जानकार हुनुपर्नेछ ।

(ग) अर्न्तवार्ता लिने व्यक्तिले आफ्नो परिचय दिनुपर्नेछ र संस्थामा आफनो के कस्तो भूमिका रहेको छ सो बारे जानकारी दिनुपर्नेछ ।

(घ) पीडित व्यक्ति बोल्न इच्छुक नभए बोल्न बाध्य तुल्याइने छैन । बोल्ने हरेक बिषय स्वेच्छिक हुनुपर्नेछ ।

(ङ) अर्न्तवार्ता गर्दा गोपनीयता अपनाइने छ र निजको भनाइहरुमा उसको परिचय गोप्य राखिने कुरा सुनिश्चत गरिनु पर्नेछ ।

(च) संरक्षित व्यक्तिको कुनैपनि सूचना सम्प्रेषण गर्नुपरेमा संरक्षित व्यक्तिको स्वीकृति लिनुपर्नेछ । निजको स्वीकृति नभएमा सम्प्रेषण गर्न पाइने छैन ।

(छ) अन्तवार्ता लिने व्यक्तिले अर्न्तवार्ता थाल्नु पूर्व नै पीडित व्यक्तिसंग राम्रो सम्बन्ध स्थापित गर्नुपर्नेछ ।

(ज) प्रश्नहरु पीडित व्यक्तिको भावनामा असर गर्ने किसिमको हुनुहुँदैन ।

(झ) प्रश्न राख्ने क्रममा पीडित व्यक्तिको अधिकार, चाहना र आत्मसम्मानको कदर गर्नुपर्नेछ ।

(ञ) अन्तवार्ताको समयमा मोवाइल फोनको प्रयोग गरिनु हुदैन ।

(ट) अन्तवार्ता दिने/लिने व्यक्तिलाई भाषाको कठिनाइ भएमा दोभाषे वा अनुवादकको व्यवस्था गर्नुपर्नेछ ।

(ठ) अन्तवार्ता लिन भन्दा अगाडि पीडित व्यक्ति सुरक्षित र आरामदायी महसुस गरिरहेको छ भन्ने कुरा सुनिश्चित गरी अर्न्तवार्ता लिनु पर्नेछ ।

(ड) अन्तवार्ता लिनु भन्दा अगाडि संरक्षित व्यक्तिलाई आकस्मिक स्वास्थ उपचारको आवश्यकता महशुस भइरहेको छ छैन भनी सुनिश्चित गर्नु पर्नेछ ।

(ढ) अन्तवार्तामा कुनैपनि प्रकारको बिद्युतीय रेकर्डर प्रयोग गरिने छैन, यदि गर्नैपर्ने बिशेष अवस्था भए संरक्षित व्यक्ति र केन्द्र प्रमुख वा सुपरभाइजरको पूर्व स्विकृति लिएर मात्र रेकर्डर प्रयोग गर्न सकिनेछ ।

(ण) केन्द्रमा संरक्षित व्यक्तिलाई सेवा प्रदान गर्नु पूर्व वा संरक्षण गर्ने क्रममा केन्द्र संचालन, नीति, नियम, अधिकार र कर्तव्यका वारेमा अनुशिक्षण दिने ।

(त) विशेष सेवा प्रदान गर्ने श्रोत व्यक्तिहरुलाई समेत केन्द्रको निर्देशिका बमोजिम सेवा दिन लगाउन पर्नेछ ।

३६. **केन्द्रले प्रदान गर्ने सेवा र सहयोग :** केन्द्रमा संरक्षित व्यक्तिहरुलाई प्रदान गरिने सेवा देहाय बमोजिम हुनेछ :-

(१) **स्वास्थ्य सेवा :** संरक्षित व्यक्तिको केन्द्रमा भर्ना भएको एक हप्ताभित्र न्यूनतम छनौट (Basic screening) कम्तिमा टि.वि., यौन रोग, एच. आई. भि./एड्स, पिसाव,रगत रुटिन परिक्षण ( Blood rotine test), दिशा र अन्य सरुवा रोगको परिक्षण गरिसक्नु पर्नेछ र आवश्यकता अनुसार औषधोपचारको सेवा उपलब्ध गराउनु पर्नेछ ।

तर संरक्षित व्यक्तिको जानकारी र स्वीकृति नभई ***HIV/AIDS , HSV,STI*** जस्ता सक्रमणहरुको परिक्षण गरिने छैन ।

यसरी प्रदान गरिने स्वास्थ्यसेवा देहाय बमोजिम हुनु पर्नेछ :–

(क) केन्द्रले प्रत्येक संरक्षित व्यक्तिको नियमित शारीरिक तथा मानसिक स्वास्थ्यको परीक्षण तथा उपचारको व्यवस्था गराउनु पर्नेछ ।

(ख) केन्द्रले स्वास्थ्यकर्मीको व्यवस्था गर्दा संभव भए सम्म लैगिंकताका आधारमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) केन्द्रले आकस्मिक विरामीहरुका लागि प्राथमिक उपचारको सामाग्री सहित छुट्टै कोठा र शैयाको व्यवस्था गराउनु पर्नेछ ।

(घ) केन्द्रले आवश्यकता अनुसार संरक्षित विरामीलाई नजिकको अस्पतालमा सहज उपलब्ध र उपयुक्त हुने खालका सवारी साधनको व्यवस्था गराउनु पर्नेछ ।

(ङ) अस्पतालमा भर्ना गरिएका व्यक्तिहरुको कुरुवा र अन्य खर्चको व्यवस्था निज पीडितको परिवारबाट व्यवस्थापन गर्नुपर्नेछ यदि पीडितको परिवार तत्काल उपलब्ध नभएमा वा नसक्ने भएमा केन्द्रले व्यवस्था गर्नु पर्नेछ ।

(छ) केन्द्रले प्रत्येक संरक्षित व्यक्तिको स्वास्थ्य सम्बन्धी रेकर्डको फाइल तयार गर्नु पर्नेछ ।

(ज) बालबालिकाका हकमा उमेर अनुसार लगाउनुपर्ने खोप तथा जुकाको औषधी खुवाउनु पर्नेछ ।

(झ) केन्द्रले प्रत्येक संरक्षित व्यक्तिलाई आवश्यकता अनुसार बिशेष प्रकारको स्वास्थ्य समस्या (TB,HIV/AIDS , HSV,Hep,STI, Reproductive Health) तथा मानसिक स्वास्थ्य को परीक्षण तथा उपचारको व्यवस्था गराउनु पर्नेछ । यसको लागि आवश्यकताको लेखाजोखा गरी सम्भव भए सम्म केन्द्रमै बिशेषज्ञ उपलब्ध गराउने र केन्द्रमा सम्भव नभए सम्वन्धित अस्पतालमा लगी परीक्षण तथा उपचारको व्यवस्था गराउनु पर्नेछ ।

(ञ) यसरी प्रदान गरिने स्वास्थ्य सेवा केन्द्रबाट पायक पर्ने सरकारी स्वास्थ्य संस्थासँग समन्वय गरी प्रदान गरिने छ ।

स्वास्थ्य सेवा सम्बन्धी अभिलेख राख्न अनुसूची ११ फारम न २ (स्वास्थ्य परिक्षण फाराम) भर्नु पर्नेछ



(२) **मनोविमर्श तथा मनोचिकित्सक सेवा:**

(क) केन्द्रले संरक्षित व्यक्तिलाई आवश्यकता अनुसार मनोविमर्श सेवा उपलब्ध गराउनु पर्नेछ ।

(ख) मनोविमर्श गर्दा अवस्था हेरी संरक्षित व्यक्तिको परिवारका सदस्यलाई संरक्षित व्यक्तिसँगै र अलग्गै सेवा प्रदान गरिनु पर्नेछ ।

(ग) संरक्षित व्यक्तिलाई मनोविमर्श सेवा उपलब्ध गराउदा मनोविमर्शकर्ताले मनोचिकित्सक सेवा उपलब्ध गराउँनु आवश्यक छ भनी सिफारिस गरेमा केन्द्रले मनोचिकित्सक सेवा उपलब्ध गराउनु पर्नेछ । मनोचिकित्सक सेवा उपलब्ध गराउँदा संरक्षित व्यक्तिको आवश्यकता अनुसार केन्द्रमै वा अस्पतालमा लगी सेवा उपलब्ध गराउनु पर्नेछ ।

(घ) संरक्षित व्यक्तिको सुस्वास्थ्य तथा मनोचिकित्सक सेवाको अवस्थाको विवरण गोप्य राख्नुपर्नेछ ।

मनोविमर्श सम्बन्धि अभिलेख राख्न अनुसूची ११ फाराम नं ३ भर्नु पर्नेछ ।

(३) **कानूनी सेवा तथा परामर्शको व्यवस्था :** केन्द्रले संरक्षित व्यक्तिलाई आवश्यकता अनुसार कानूनी सेवा प्रदान गर्ने प्रवन्ध गर्नुपर्नेछ । केन्द्रले संरक्षित व्यक्तिका पीडकलाई सजाय दिलाउन सम्बन्धित निकायसंग समन्वय, सहकार्य, अनुसन्धान, बहस र पैरवी गर्न निशुःल्क सहयोग गर्नुपर्नेछ । यसरी प्रदान गरिने कानूनी सेवा देहाय बमोजिम हुनु पर्नेछ ।

(क) यस्तो सेवासंग कुनै पनि प्रकारको शर्त राखिनु हुदैन ।

(ख) संरक्षित व्यक्तिको वारेसको रुपमा कसैलाई राख्दा निजको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ग) केन्द्रले संरक्षित व्यक्तिलाई छिटो र निष्पक्ष न्याय दिलाउने क्रममा कानून कार्यान्वयन निकायहरुसँग निरन्तर सम्पर्क र समन्वय गर्नुपर्नेछ ।

(घ) केन्द्रले संरक्षित व्यक्तिसँग सम्वन्धित सबै प्रकारका कागजपत्रहरु खोज्न वा वनाउन सहयोग पुऱ्याउनु पर्नेछ ।

(ङ) प्रत्येक वयस्क संरक्षित व्यक्तिलाई आ-आफ्नो रेकर्ड हेर्ने अधिकार हुनेछ । नावालकको हकमा केन्द्रले निर्णय गरे वमोजिम हुनु पर्नेछ ।

कानूनी सेवा सम्बन्धी अभिलेख राख्न अनुसूची ११ फारम न. ४ (कानुनी सेवासँग सम्बन्धित) भर्नु पर्नेछ ।

(४) **मनोरञ्जनात्मक क्रियाकलाप :** प्रत्येक पुनर्स्थापना केन्द्रले संरक्षित व्यक्तिको मनोरञ्जनका लागि यथोचित व्यवस्था गर्नुपर्नेछ । केन्द्रले गर्ने मनोरञ्जनको व्यवस्था कम्तिमा देहाय बमोजिमको हुनु पर्नेछ ।

(क) केन्द्रले अध्ययन कक्ष सहितको पुस्तकालय र पत्र-पत्रिकाको व्यवस्था गर्नु पर्नेछ ।

(ख) केन्द्रले कम्तिमा सामूहिक रुपमा हुने गरी रेडियो र टेलिभिजन उपलब्ध गर्नु पर्नेछ ।

(ग) केन्द्रले आवश्यक खेलकुद सामग्री र समय समयमा अवलोकन भ्रमणको व्यबस्था गर्नु पर्नेछ ।

(५) **सिफारिस :**

(क) केन्द्रले आफ्नो जिल्लामा भएका श्रोत साधनहरुको लेखाजोखा तथा नक्सांकन (Social mapping) गर्नु पर्नेछ र प्रत्येक बर्ष अध्यावधिक (update) गर्दै जानुपर्नेछ ।

(ख) केन्द्रले आफ्नो जिल्ला बाहिर कँहा कँहा सिफारिस गर्न सकिन्छ भन्ने श्रोत साधनहरुको नक्शांकन (Social mapping) गर्नु पर्नेछ र प्रत्येक बर्ष update गर्दै जानुपर्नेछ ।
लेखाजोखा तथा नक्सांकन गर्ने साधन (***Tools***) केन्द्रले आफै तय गर्नुपर्ने छ ।

(ग) केन्द्रले संरक्षित व्यक्तिको आवश्यकतालाई मध्यनजर गर्दै सिफारिस सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी प्रदान गरिने सिफारिस सेवा देहाय बमोजिम हुनु पर्नेछ :-

(१) पीडित व्यक्तिलाई स्वास्थ्य सेवा, मनोसामाजिक/मनोविमर्श, कानूनी सहयोग लगायत अन्य सेवा सो केन्द्रमा उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित सरोकारवालाहरुसँग केन्द्रले समन्वय/सहकार्य गरी संरक्षित व्यक्तिलाई सिफारिस गर्नु पर्नेछ ।

(२) कुनै संरक्षित व्यक्ति एच.आइ.भि. वा अन्य दीर्घ रोगहरु (भाईरस) बाट संक्रमण भएको अवस्थामा निजलाई एच.आइ.भि. संक्रमित आवास गृह वा अन्य यस्तै आवास गृहमा समन्वय/सहकार्य गरी सिफारिस गर्न सकिनेछ ।

(घ) संरक्षित व्यक्ति महिला गर्भवती भएमा र सो केन्द्रमा सम्बन्धित सेवा उपलब्ध नभएमा अरु केन्द्रमा वा सेवा पुऱ्याउने अन्य निकायमा समन्वय गरी सिफारीस गर्न सकिनेछ ।
सिफारिस सम्बन्धी अभिलेख राख्न अनुसूची ११ फारम न. ५ (सिफारिस फाराम) भर्नु पर्नेछ ।

(६) **दोहोरो सिफारिस प्रणाली :** केन्द्रमा उपलब्ध सेवा/उपचारहरु अपर्याप्त भएको अवस्थामा निश्चित समय सम्मको लागि सेवा उपलब्ध भएका अन्य केन्द्र वा संस्था /निकायमा संरक्षित व्यक्तिलाई सिफारिस गर्न सकिने छ । यसरी सिफारिस भै आएको व्यक्तिलाई केन्द्र /संस्था/निकायको उपचार वा सेवा पश्चात पुनः सम्बन्धित केन्द्रमा सिफारिस गरी फिर्ता पठाउन सक्नेछ । यसरी उपचारका लागि सिफारिस गर्दा तथा उपचार पश्चात संरक्षित व्यक्तिसँग सम्बन्धित सम्पूर्ण विवरण (अभिलेखीकरण)को एक प्रति फायल बनाई निज साथै पठाउनु पर्नेछ ।

(७) **पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन :** केन्द्रमा रहेका संरक्षित व्यक्तिलाई निजको अवस्था हेरी यथासक्य छिटो देहाय बमोजिम समुदाय तथा परिवारमा पुनर्स्थापना तथा पुनर्मिलन गराउनु पर्नेछ :–

(क) मानव बेचबिखन तथा ओसारपसार बाट पीडित व्यक्तिलाई उद्धार गरिए पश्चात केन्द्रमा ल्याइसके पछि जतिसक्दो छिटो पीडित व्यक्तिको अवस्था हेरी केन्द्रको संरक्षणको उद्देश्य, नियम, केन्द्रले प्रदान गर्ने सेवाहरु र त्यसका सीमितता र कार्यप्रणालीको बारेमा जानकारी गराउनु पर्नेछ । पीडित तथा निजसँग रहेका नाबालकलाई तिनीहरुको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जेलसम्मका लागि केन्द्रमा राख्ने व्यवस्था गरिनु पर्नेछ ।



(ख) केन्द्रमा रहेका संरक्षित व्यक्तिहरुलाई निजको घर परिवारको पहिचान गरी परिवारिक पुनर्मिलन गराउनु पर्नेछ । केन्द्रले यस्तो पारिवारिक पुनर्मिलन गराउँदा पीडित तथा निजको परिवारका सदस्यलाई आवश्यक परामर्श दिने, सहजीकरण गर्ने लगायतका आवश्यक उपायको अवलम्बन गर्नु पर्नेछ ।

(ग) तत्कालका लागि केन्द्रमा राखिएका संरक्षित व्यक्तिलाई ६ महिना भन्दा बढी अवधि केन्द्रमा राखिनु हुदैन ।
तर उद्धार गरिएको व्यक्ति नाबालिग रहेछ भने निजलाई वैकल्पिक व्यवस्था गरी बालबालिकाका निम्ति स्थापित केन्द्रमा स्थानान्तरण गरिनु पर्नेछ ।

(घ) त्यस्तै केन्द्रमा राखिएका संरक्षित व्यक्ति ६ महिना भित्रमा समुदायमा पुनर्एकिकरण नभएमा केन्द्रले विकल्पको खोजी गरी संरक्षित ब्यक्तिको व्यबस्थापन गर्नु पर्नेछ। पुनर्स्थापना केन्द्र आफैले वैकल्पिक ब्यवस्थाको रुपमा अर्ध पारिवारीक घर[3] (***Half way Home***) को परिकल्पना गरी संरक्षण प्रदान गर्न सक्नेछ ।

(ङ) संरक्षित ब्यक्तिलाई समाजमा पुनर्स्थापना गराउँदाका वखत केन्द्रका कर्मचारीहरुको सहयोग अनिवार्य हुनेछ ।

(च) कुनैपनि संरक्षित व्यक्तिलाई परिवार वा समुदायमा पठाउँदा निजको अवस्था तथा सुरक्षाको लेखाजोखा गरी उपयुक्त भएमा मात्र परिवार वा समुदायमा पठाइनु पर्नेछ ।

(छ) केन्द्रमा रहेका सवै संरक्षित व्यक्तिहरुलाई आफ्नो घरपरिवार तथा समुदायमा पुनर्स्थापित हुनका लागि अभिप्रेरीत गरिनु पर्नेछ ।

(ज) केन्द्रले संरक्षित व्यक्तिहरुलाई परिवार तथा समाजमा पुनर्स्थापनाको प्रकृया अगाडि बढाउदा सरंक्षित व्यक्तिको स्वीकृति लिएर मात्र शुरु गर्नु पर्नेछ ।

(झ) कुनै पनि संरक्षित व्यक्तिलाई निजको परिवारको सहयोग र सामाजिक स्वीकृति विना परिवार तथा समुदायमा पूर्णरुपमा पठाइनु हुदैन ।

(ञ) केन्द्रले समाजमा पुनर्स्थापना गराउँदा संरक्षित व्यक्तिलाई आवश्यक पर्ने सीप, आर्थिक सहयोग, र अनुगमन गर्ने निकाय तोकी पठाइनु पर्नेछ ।

(ट) केन्द्रबाट समाजमा पुनर्स्थापित हुँदा संरक्षित ब्यक्तिको साथमा एकप्रति निजका सम्पूर्ण कागजपत्रहरु र सामानहरु साथै पठाइनु पर्नेछ ।

(ठ) समाजमा पुनर्स्थापित व्यक्तिको आर्थिक पक्ष सुदृढ गर्नका लागि आवश्यक (सीपमुलक तालिम र बिउ पुंजी अथवा स्वरोजगार) सहयोग गर्नु पर्नेछ ।

(ड) पुनर्स्थापित जीवन सरल र सजिलो ढंगले चलाउनका लागि केन्द्रले समाजका अन्य सहयोगी संस्थाहरुसंग संरक्षित व्यक्तिहरुलाई आवद्ध गर्न सहजिकरण गर्नु पर्नेछ ।

---

3 अर्ध पारिवारिक घर (*Half way Home*) भन्नाले दिन भर काम गरेर कुनै सस्थांको संरक्षणमा सामूहिक रुपमा वस्ने गरी र आफूलाई लाग्ने खर्च कमाएको रकमबाट तिर्ने गरी परिकल्पना गरिएको घरलाई सम्झनु पर्दछ ।

(ढ) संरक्षित व्यक्तिको नावालकहरुलाई जोखिमबाट वचाउनका लागि सहयोग र परामर्शको व्यवस्था गर्नु पर्नेछ ।

(ण) परिवार तथा समुदायमा पुनर्स्थापना तथा पुनर्मिलन का लागि पठाइएका प्रत्येक संरक्षित व्यक्तिको छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ । अभिलेखहरु गोप्य राख्नु पर्नेछ ।

पारिवारिक पुनर्मिलन सम्बन्धी अभिलेख राख्न अनुसूची ११ फारम नं ६ (पारिवारिक पुनर्मिलनसँग सम्बन्धित) भर्नु पर्नेछ ।

(८) **अनुगमन/पुनः भेटघाट :** केन्द्रबाट समुदायमा पुनर्स्थापनाका लागि पठाइएका संरक्षित व्यक्तिहरुलाई बेला बेलामा अनुगमन/पुनः भेटघाट गर्नु पर्नेछ । यसरी अनुगमन/पुन : भेटघाट गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) केन्द्रले संरक्षित व्यक्तिको परिवार तथा समाजमा पुनर्मिलन गराइसके पछिको तत्कालिन अवस्था यकिन गर्न केन्द्रले कर्मचारीलाई सम्बन्धित स्थानमा पुनर्स्थापना गराएको एक महिना भित्रमा पठाइसक्नु पर्नेछ ।

(ख) यसरी अनुगमन/पुन भेटघाटमा गएको कर्मचारीले परिवार तथा समुदायसंग समायोजनमा कुनै प्रकारको कठिनाइ भएको/नभएको ठहर गर्नुपर्नेछ । यदि कुनै प्रकारको कठिनाइ भएको फेला परेमा मनोबिमर्शकर्ता र मध्यस्तकर्ताबाट सहयोग प्रदान गर्न सिफारिस गर्नु पर्नेछ ।

(ग) केन्द्रले अनुगमन/पुन भेटघाट आवश्यकता अनुसार जति पटक पनि गर्न सक्नेछ ।

(घ) कुनै कर्मचारीलाई अनुगमन/पुनः भेटघाटमा पठाउँदाको दैनिक भत्ता, यातायात खर्च, तथा अन्य खर्च केन्द्रको नीति अनुसार तय गर्नु पर्नेछ ।

(९) **स्वदेशफिर्ती :** (१) केन्द्रमा संरक्षित विदेशी नागरिकको स्वदेश फिर्ती प्रकृया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले संरक्षित व्यक्ति विदेशी नागरिक भए सो को सूचना यथासंभव छिटो जिल्ला प्रशासन कार्यालय मार्फत सम्वन्धित देशको दुतवासमा दिनु पर्नेछ ।

(ख) संरक्षित व्यक्ति विदेशी नागरिक भएको पहिचान हुनासाथ सम्वन्धित देशको दुतवास मार्फत निजको स्वदेश फिर्तीको लागि प्रकृया अगाडि बढाउनु पर्नेछ र छिटो भन्दा छिटो स्वदेश फिर्ता पठाउनु पर्नेछ ।

(२) पीडित नेपाली नागरिक विदेशमा भएको वा बिदेशको संरक्षण गृह वा केन्द्रमा भएको सूचना केन्द्रलाई प्राप्त भएमा वा संरक्षणको लागि अनुरोध भई आएमा विदेशबाट स्वदेश फिर्ता गर्न जिल्ला प्रशासन कार्यालय मार्फत सम्वन्धित निकायबाट कारवाही हुन यथाशिघ्र पत्राचार गर्नु पर्नेछ ।

(१०) **शिक्षा-दीक्षा तथा सीपमूलक तालिम :** पुनर्स्थापना केन्द्रमा रहेका हरेक संरक्षित व्यक्तिलाई उसको उमेर र इच्छा अनुसार शिक्षा-दीक्षा, सिपमूलक तालिम, व्यावसायिक तथा प्राविधिक शिक्षा प्रदान गरी जिविकोपार्जन गर्न सक्ने बनाउनु पर्नेछ । यसरी प्रदान गरिने शिक्षा-दीक्षा सीपमूलक तालिमको सेवा देहाय बमोजिम हुनु पर्नेछ :-



(क) केन्द्रले राष्ट्रिय समिति तथा जिल्ला समितिसँग समन्वय गरी शिक्षा-दीक्षाको व्यवस्था मिलाउनु पर्नेछ । जस अन्र्तगत बालबालिकाका लागि जिल्ला समितिले तोकेको विद्यालयमा भर्ना गरी र विद्यालय जाने उमेर काटेका इच्छुक पीडित व्यक्ति सबैजनाका लागि ३६ घण्टाको जीवनोपयोगी सीप तालिम प्रशिक्षण (Life Skill Training) वा व्यवसायिक शिक्षा वा रोजगारमूलक तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(ख) प्रत्येक संरक्षित व्यक्तिले आफ्नो योग्यता रुचि र क्षमताका आधारमा जीवनोपयोगी सीप तालिम प्रशिक्षण (Life Skill Training) वा व्यवसायिक शिक्षा लिए पछि विशेषज्ञहरुको सल्लाहमा आर्थिक पुनर्स्थापना योजना तयार गर्न वा रोजगारी खोज्न सहयोग पुऱ्याउनु पर्नेछ ।

(ग) प्रत्येक संरक्षित व्यक्तिलाई आफूलाई मन पर्ने आर्थिक पुनर्स्थापना योजनाको छनौट गर्ने अधिकार हुनेछ ।

(घ) व्यवसायिक निर्देशिका पुस्तिका निर्माण गरी संरक्षित व्यक्तिहरुलाई जानकारी गराई योजनाका वारेमा निजको रेकर्डमा उल्लेख गरिनु पर्नेछ ।

(ङ) संरक्षित व्यक्तिहरुको विशेष आवश्यकतालाई मध्यनजर राखी विशेष प्रकारको शिक्षा–दीक्षा सिप तालिम प्रशिक्षण वा व्यवसायिक शिक्षाको प्रवन्ध गर्नु पर्नेछ ।

(च) शिक्षा–दीक्षा, सिप वा व्यवसायिक शिक्षाका लागि प्रशिक्षित एवम् योग्य शिक्षकको व्यवस्था गर्नु पर्दछ । केन्द्रले यस्तो सेवा पुऱ्याउने अन्य केन्द्रसँग समन्वय गरी सो केन्द्र मार्फत सेवा पुऱ्याउन सक्ने छ ।

(छ) संरक्षित व्यक्तिलाई कुनै पनि सिपमूलक तालिम प्रशिक्षण वा व्यवसायिक शिक्षाको उद्देश्य र त्यसबाट हुने फाइदाको बारेमा केन्द्रले सम्पूर्ण जानकारी दिनु पर्नेछ ।

(ज) केन्द्रमा वस्ने बालबालिकाहरुको आमा-बाबु नभएको अवस्थामा केन्द्रका कर्मचारीहरुले नै अभिभावकको भूमिका खेल्नु पर्नेछ र वावु-आमाको नाम उल्लेख गर्नु पर्ने ठाउँमा तत्काल केन्द्रको नाम उल्लेख गर्नु पर्नेछ । विद्यालयहरुमा हुने अभिभावक दिवसमा भाग लिने व्यवस्था केन्द्रका कर्मचारी मार्फत गरिनु पर्नेछ ।

(झ) केन्द्रले संरक्षितको शिक्षा-दीक्षा तथा सीपमूलक तालिम वा व्यवसायिक शिक्षाको रेकर्ड तयार गरी राख्नुपर्नेछ ।

शिक्षा-दीक्षा सीपमूलूलक तालिम सम्बन्धी अभिलेख राख्न अनुसूची ११ फाराम न ७ (शिक्षा दीक्षा, सीपमुलक फाराम) भर्नु पर्नेछ ।

(११) **बीउ पूँजी (सिड मनी) :** केन्द्रले सीपमूलक तालिम प्राप्त संरक्षित व्यक्तिहरुलाई बिभिन्न निकायसँग समन्वय गरी बीउपूँजी (सिड मनी) उपलब्ध गराई जिविकोपार्जन हुन सक्ने व्यवस्था गर्नु पर्नेछ । यसरी उपलब्ध गराइने बीउ पूँजी (सिड मनी)को प्रक्रिया देहाय बमोजिम हुनु पर्नेछ ।

(क) केन्द्रले संभव भए आफ्नै पुनर्स्थापना कोषबाट र संभव नभएमा विभिन्न बैंक, बित्तीय सस्था, सहकारी संस्था, नेपाल सरकारका बिभिन्न जिल्ला तथा क्षेत्रीय स्तरका कार्यालय, जि. वि. स., गा. वि. स वा न. पा वा अन्य कार्यालय वा कार्यक्रमसँग समन्वय गरी बीउ पूँजी (सिड मनी)को व्यवस्था गर्नु पर्नेछ ।

(ख) बीउ पूँजी (सिड मनी) दिंदा निश्चित समायावधि तोकी निर्व्याजी लघु ऋणको रुपमा प्रदान गर्नु पर्नेछ । संरक्षित व्यक्तिले तोकिएको निश्चित अवधिपछि सो बीउ पूँजी (सिड मनी) किस्ता वन्दीको रुपमा फिर्ता गर्नु पर्नेछ ।

(ग) संरक्षित व्यक्ति बीउ पूँजी (सिड मनी) प्राप्त गर्ने प्रक्रियामा प्रत्यक्ष संलग्न हुनु पर्नेछ ।

(घ) केन्द्रले बीउ पूँजी (सिड मनी) संरक्षित व्यक्तिलाई उपलब्ध गराइसकेको अवस्थामा सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाले संरक्षित व्यक्तिसँग अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ ।

(ङ) बीउ पूँजी (सिड मनी) को प्रयोग एवं प्रयोजन को बारेमा संरक्षित व्यक्तिलाई केन्द्रले अनुशिक्षण दिनु पर्नेछ ।

(१२) **व्यक्तिगत फाइल बन्द गरिने :** (क) संरक्षित ब्यक्तिलाई परिवार तथा समुदायमा पठाएपछि पुनर्एकिकरण भएको ठहराएमा केन्द्रले देहायको अवस्थामा निजको व्यक्तिगत फाइल बन्द गर्न सक्ने छ :-

(१) अनुगमन गर्दा संरक्षित व्यक्ति परिवार तथा समाजमा पुनर्मिलन पछि सन्तुष्ट भएर बसेको भन्ने लागेमा,

(२) पारिवारिक अवस्था, आर्थिक अवस्था राम्रो रहेको यकिन भएमा,

(३) पुनर्मिलन पछि सम्बन्धित व्यक्ति समाजका हरेक अतिरिक्त क्रियाकलापमा संलग्न हुन थालेको यकिन भएमा ।

(ख) व्यक्तिगत फाइल बन्द गर्दा अनुगमनकर्ताको प्रतिबेदनको आधारमा टिप्पणी स्वीकृत गराई गर्नुपर्नेछ ।

(ग) व्यक्तिगत फाइल बन्द गरेको अभिलेख फाइलमा राख्नु पर्नेछ ।

# परिच्छेद ७

# अनुगमन, निरीक्षण र मूल्याङ्कन

३७. **अनुगमन, निरीक्षण र मूल्याङ्कन :** (१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम १४ मा उल्लेख भएबमोजिम राष्ट्रिय समिति र जिल्ला समितिले पुनर्स्थापना केन्द्रको अनुगमन र निरीक्षण गर्नेछ। यसरी केन्द्रको अनुगमन र निरीक्षण गर्दा राष्ट्रिय समितिले आवश्यकता अनुसार र जिल्ला समितिले कम्तिमा ६ महिनामा एक पटक गर्नु पर्नेछ। अनुगमन र निरीक्षण गरी अनुसूची-१२ बमोजिम प्रतिवेदन पेश गर्नु पर्नेछ। जिल्ला समितिबाट भएको अनुगमन र निरीक्षणको प्रतिवेदन एक प्रति आफैसँग राखी एक प्रति राष्ट्रिय समितिमा पठाउनु पर्नेछ।

(२) संरक्षित व्यक्तिहरुले यथोचित संरक्षण पाए नपाएको एकिन गर्न केन्द्रले मासिक विवरण/प्रतिवेदन तयार गरी अभिलेख दुरुस्त राख्नु पर्नेछ।

(३) राष्ट्रिय समितिले अनुगमन निरीक्षणको क्रममा केन्द्रले मापदण्ड अनुसार सेवा प्रदान गरे नगरेको यकिन गरी यदि नगरेको पाइएमा लिखित रुपमा सुझाव दिई त्यसको एक प्रति राष्ट्रिय समितिमा राख्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिमको सुझाव केन्द्रले तुरुन्त लागू गर्नु पर्नेछ।

(५) पुनः अनुगमन र निरीक्षण गर्दा राष्ट्रिय समितिले दिएको पूर्व सुझाव अनुसार काम नगरेको पाइएमा त्यहाँ संरक्षित व्यक्तिको अन्य केन्द्रमा व्यबस्थापन गरी सो केन्द्र बन्द गर्न सिफारिस गर्न सक्नेछ।

(६) जिल्ला समितिले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन तथा नियमावली विपरीत केन्द्र स्थापना र सञ्चालन गर्ने वा केन्द्रको व्यबस्थापनमा तोकिएको मापदण्ड पूरा नगर्ने वा राष्ट्रिय समिति वा जिल्ला समितिले दिएको निर्देशन पालना नगर्ने केन्द्रको सञ्चालनमा रोक लगाउन, निश्चित अवधिका लागि निलम्बन गर्न वा स्वीकृति रद्द गर्न सक्नेछ।

यसरी केन्द्रको स्वीकृति रद्द गर्नु अघि त्यस्तो केन्द्रलाई सुनुवाइको मौका दिनु पर्नेछ।

(७) जिल्ला समितिले केन्द्र सञ्चालनमा रोक लगाउन वा स्वीकृति रद्द गर्दा कम्तिमा ३ महिना अगाडि केन्द्रलाई खबर गर्नु पर्नेछ।

(८) केन्द्र बन्द गर्नु पूर्व त्यहाँ संरक्षित व्यक्तिहरुको पारिवारिक पूनर्मिलन भइसकेको वा अन्य केन्द्रमा हस्तान्तरण गरिसकेको हुनुपर्ने छ, त्यसका लागि आवश्यक सहयोग जिल्ला समितिले गर्नु पर्नेछ।

(९) केन्द्रले आफनो संस्था तथा कार्यक्रमको बार्षिक रुपमा मूल्याङ्कन गराई जिल्ला समिति मार्फत राष्ट्रिय समितिमा बुझाउनु पर्नेछ।

३८. **विविधः** (१) यस निर्देशिकामा उल्लेख भएका दफाहरु बाहेक केन्द्रमा अन्य ब्यवहारिक कठिनाईहरु उत्पन्न भएमा जिल्ला समितिले निवारण गरी सो को जानकारी राष्ट्रिय समितिमा पठाउनु पर्नेछ।

(३९) खारेजी र वचाउ :– (१ ) साविक **पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८** खारेज गरिएको छ।

(२ ) सो निर्देशिका बमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

# अनुसूचीहरु

## अनुसूचि १

(दफा ४ सँग सम्बन्धित )

आर्थिक वर्ष..................मा सञ्चालित केन्द्रको लगत

**ऐनको दफा १३ को उपदफा (१)बमोजिमका केन्द्र**

| सि नं | संस्थाको नाम ठेगाना | व्यवस्थापन करारमा दिएको भए: संस्थाको नाम ठेगाना | व्यवस्थापन करारमा दिएको भए: सम्झौता मिति | व्यवस्थापन करारमा दिएको भए: सम्झौता अवधि | जम्मा शैया | चालु आर्थिक वर्षको हालसम्मको प्रगति: उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्ति | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्तिमध्ये: पारिवारिक पुनर्मिलन गराइएका | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्तिमध्ये: सीप तालिम तथा बीउपुँजी लिई पुनर्स्थापित | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्तिमध्ये: हालकेन्द्रमा रहेका |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

**ऐनको दफा १३ को उपदफा (२)बमोजिमका केन्द्र**

| सि.नं. | स्थान | सञ्चालक संस्था | स्वीकृति मिति | स्थापना मिति | जम्मा शैया | चालु आर्थिक वर्षको हालसम्मको प्रगति: उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्ति | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्तिमध्ये: पारिवारिक पुर्मिलनगराईएका | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्तिमध्ये: सीप तालिम तथा वीउपुँजी लिई पुनर्स्थापित | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्तिमध्ये: हालकेन्द्रमा रहेका | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

**तयार पार्ने**

दस्तखत :

नाम :

पद:

**प्रमाणित गर्ने**

दस्तखत :

नाम :

पद:



## अनुसूचि-२

(दफा १०(३) सँग सम्बन्धित)

पुर्नस्थापना केन्द्र सञ्चालन स्वीकृतिको निवेदन

मितिः............

विषयः केन्द्र स्थापना /सञ्चालनको स्वीकृति ।

श्री संयोजकज्यू,

मानव बेचबिखन तथा ओसापसार नियन्त्रण जिल्ला समिति

..................

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न देहायको विवरण भएको हाम्रो संस्था पुनर्स्थापना केन्द्र संचालन गर्न/करारका लिन इच्छुक भएकाले स्वीकृतिका लागि निवेदन गर्दछौं ।

(क) संस्थाको नामः

(ख) संस्थाको ठेगानाः

(ग) संस्थाका पदाधिकारीको नाम, थर र ठेगानाः

(घ) सम्पर्क गर्नु पर्ने व्यक्तिः

(ङ) पुनर्स्थापना केन्द्र स्थापना हुने स्थान (ठेगाना):

(च) पुनर्स्थापना केन्द्रको क्षमता :

(छ) भौतिक पूर्वाधारको विवरणः

(ज) केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण( कस्तो खालको जनशक्ति कति सख्यांमा) :

(झ) आर्थिक श्रोतको विवरण :

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) नियमावली, २०६५, सो अन्तर्गत बनेको निर्देशिका तथा राष्ट्रिय समिति र जिल्ला समितिले दिएको निर्देशन बमोजिम पुनर्स्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न मञ्जूर गर्दछु ।

संस्थाको अधिकार प्राप्त व्यक्तिको,

दस्तखतः

नाम, थरः

सम्पर्क ठेगानाः

**अनुसूचि-३**
**(दफा १०(४) सँग सम्बन्धित)**

केन्द्र स्थापना /सञ्चालनको स्वीकृतिको प्रमाणपत्र

...........................................(संस्थाको नाम, ठेगाना) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम बढिमा देहाय बमोजिमको सख्यांमा सेवाग्राहीलाई राख्न सक्ने गरी तथा **पुर्नस्थापना केन्द्र संचालन निर्देशिका** २०६८ अनुसार सचालन गर्ने गरी पुनर्स्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न स्वीकृतिको प्रमाणपत्र प्रदान गरिएको छ ।

पुनर्स्थापना केन्द्रमा राख्न सकिने सेवाग्राहीको सख्यां :

मितिः स्वीकृति दिने अधिकारी

**पुनस्चः पुनर्स्थापना केन्द्रको सेवा सुविधा तथा क्षमतामा बृदि हुन गएको खण्डमा सेवाग्राहीको सख्यांमा पनि बृदि गरिने छ ।**



**अनुसूची-४**
**(दफा १२ (२) सँग सम्बन्धित)**
.................संस्थाको नाम
ठेगाना........................

**विषय : प्राविधिक प्रस्ताव पेश गरिएको बारे**

मिति : ..................................

श्री महिला विकास अधिकृत ज्यु
महिला तथा बालवालिका कार्यालय,..............।

महाशय,
बेचविखन वा ओसारपसार पीडित ब्यक्तिको पुनर्स्थापना केन्द्रको ब्यवस्थापन गर्नका लागि हामीले त्यहाँको मिति....................को ...............मा प्रकाशित सुचना बमोजिमको प्राविधिक प्रस्ताव निर्धारित ढाँचामा यसै साथ संलग्न राखी छुट्टै खाममा सिलबन्दी गरी पेश गरेका छौं ।
हामीले यो प्रस्ताव.......... (संयुक्त साझेदारी भए संस्थाको नाम) संस्थासँग संयुक्त साझेदारीमा पेश गरेका छौं ।

यो प्रस्तावमा दिईएका विवरणहरु सत्य तथा यथार्थपरक छन् र तिनमा कुनै किसिमको छलकपट गरिएको छैन । यदि कुनै विवरण झुठो वा असत्य भए, गरेको ठहरिएमा यो प्रस्ताव अयोग्य मानिने छ भन्ने शर्तमा हाम्रो सहमति छ ।

हामीले पेश गरेको प्रस्ताव त्यस कार्यालयले स्वीकार गर्न बाध्य हुनेछैन भन्ने कुरो पनि हामीले राम्ररी बुझेका छौं ।

अधिकृत ब्यक्तिको हस्ताक्षर :
नाम थर :
पद :
संस्थाको नाम : ठेगाना :
छाप :

**विवरण खण्ड १ : संस्थाको परिचय**

(बढीमा २ पानामा संस्थाको उद्देश्य, कार्य, कार्यक्षेत्र लगायतका परिचयात्मक विवरण दिनुहोस् र संस्थाको संगठानात्मक तालिका संलग्न गर्नुहोस् । संयुक्त साझेदारी भएमा साझेदार संस्थाको समेत उल्लेख गर्नुहोस् । संस्थाको विधानको छायाँप्रति राख्नुहोस् ।)

| |
|---|
| |

**विवरण खण्ड २ : संस्थाको दर्ता, अनुभव तथा कर चुक्ताको स्थिति**

| सि.नं | विवरण | | संलग्न कागजात | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थाको दर्ता | • दर्ता मिति :<br>• दर्ता भएको कार्यालय :<br>• दर्ता नं : | छ/छैन | • कम्तिमा ३ वर्ष अगावै दर्ता भएको हुनुपर्ने छ ।<br>• दर्ता प्रमाण-पत्रको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| २. | मु.अ. करमा दर्ता | • दर्ता मिति :<br>• दर्ता भएको कार्यलय :<br>• दर्ता नं. : | छ/छैन | दर्ता प्रमाण-पत्रको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| ३. | कर चुक्ता | गरेको/नगरेको | छ/छैन | कर चुक्त प्रमाणको छायाँप्रति संलग्न राख्नुपर्नेछ । |
| ४. | यस क्षेत्रमा काम गरेको अनुभव | गरेको/नगरेको | छ/छैन | प्रमाणित कागजात संलग्न राख्नुपर्नेछ । |
| ५. | गराउनुपर्ने अवधिको लेखापरिक्षण | गराएको/नगराएको | छ/छैन | लेखापरिक्षण भएको वासलातको छायाँप्रति राख्नुपर्नेछ । |

**विवरण खण्ड ३ : संस्थाको भौतिक पूर्वाधार**

| सि.नं. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | कम्प्युटर | थान | | |
| २. | फ्याक्स | थान | | |
| ३. | छायाँप्रति मेसिन | थान | | |
| ४. | भवन | क्षेत्रफल | | भाडा वा आफ्नै |
| ४.१ | भवनको कोठा | संख्या | | |
| ४.२ | तालिम कक्ष | संख्या | | कक्षाको क्षमता खुलाउनुपर्नेछ । |
| ५. | दराज | थान | | |
| ६. | कुर्सी | थान | | |
| ७. | टेवल | थान | | |
| ८. | टेलिफोन | लाईन | | |
| ९. | सवारी साधन | | | |
| ९.१ | साईकल | थान | | |
| ९.२ | मोटरसाइकल | थान | | |
| ९.३ | मोटर | थान | | किसिम खुलाउनुपर्नेछ । |
| १०. | क्यामेरा | थान | | किसिम खुलाउनुपर्नेछ । |
| ११. | LCD प्रोजेक्टर | थान | | |
| १२. | Overhead प्रोजेक्टर | थान | | |
| १३. | स्क्यानर | थान | | |
| १४. | प्रिन्टर | | | |
| १५. | विविध | | | |



**विवरण खण्ड ४ : वित्तीय क्षमता**

विगत ३ वर्षको वार्षिक कारोवार (Annual Turnover)

| आ.व. | जम्मा कारोवार रु. | कैफियत (लेखापरीक्षण भएको आम्दानी वा आय-व्यय विवरणको छाँयाप्रति राख्नुपर्नेछ ।) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| जम्मा | | |

**विवरण खण्ड ५ : पेशागत जनशक्ति**

| सिं.नं. | जनशक्तिको विवरण | विषयगत क्षेत्र | शैक्षिक योग्यता | अनुभव | सम्बन्धित विषयमा अनुभव | कार्य क्षेत्र | नियमित कर्मचारी वा वाह्य स्रोत व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**विवरण खण्ड ६ : हाल कुनै आयोजना/कार्यक्रमको कामको जिम्मेवारी लिएको भए विवरण**

| सि.नं | आयोजनाको नाम,ठेगाना | सम्झौता मिति | सम्पन गर्नुपर्ने अवधि | हालसम्मको प्रगतिको अवस्था | आयोजनाको टेलिफोन नं. | स्रोत दाता: नेपाल सरकार वा दातृ संस्था वा अन्तराष्ट्रिय गैससको नाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**विवरण खण्ड ७ : सम्पन्न गरेको आयोजना वा कार्यक्रमको विवरण (बढीमा ३ वटाको दिनुहोस् ।)**

| | | |
|---|---|---|
| ● आयोजनाको नाम | | |
| ● आयोजना सञ्चालन गर्न दिने संस्था | | |
| ● देश | आयोजना सञ्चालन भएको क्षेत्र | |
| ● सहभागिता | नेतृत्वदायी संस्थाको रुपमा (As a lead firm)<br>संयुक्त साझेदारीको रुपमा | |
| ● सम्झौता गरेको रकम | ने.रु. | अमेरिकी डलरमा |
| ● खर्च व्यहोर्ने स्रोत | नेपाल सरकार वा अन्य दातृ-संस्थाको नाम | |
| ● सम्झौताको अवधि | | |
| ● शुरु मिति | | साल/महिना/गते |
| ● सम्पन्न मिति | | साल/महिना/गते |
| ● साझेदारी संस्था भए नाम : | | |
| | | |
| ● पेसागत जनशक्ति उपलब्ध गराइएको भए सोको विवरण | | |
| ● सो काममा संलग्न टोली प्रमुख, निर्देशक वा समन्वयकर्ताको नाम र ठेगाना | | |
| ● आयोजना वा कार्यक्रमको विस्तृत विवरण | | |
| ● संस्थाबाट प्रदान गरिएको मुख्य-मुख्य सेवाको विवरण | | |

**विवरण खण्ड ८ : संस्थाले हालसम्म गरेको कामका आधारमा प्राप्त गरेको पुरस्कार , सम्मान**

| सि. न | आयोजना /कार्यक्रमको नाम, ठेगाना | सम्झौता मिति | सम्पन्न गरेको मिति | पुरस्कार प्रदान गर्ने संस्थाको नाम | सम्मान पत्र वा नगद पुरस्कार | कैफियत प्राप्त गरेको सम्मान वा पुरस्कारको प्रमाण–पत्रको छाँया प्रति राख्नु पर्नेछ ।) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**विवरण खण्ड ९ : संस्थागत समष्टिगत प्राविधिक क्षमता**

माथि प्रस्तुत विवरणको आधारमा कार्यक्षेत्रगत शर्त पुरा गर्नमा संस्था कत्तिको सक्षम छ भन्ने व्यहोरा बढीमा एक पानामा खुलाउनुहोस् ।



**विवरण खण्ड १० : व्यवस्थापकीय क्षमता (एक-एक अनुच्छेद मा लेख्नुहोस् ।)**

● संस्थाले उल्लेखित केन्द्रको आवश्यक व्यवस्थापन गर्न सक्दछ भन्ने बेहोरा खुलाउनुहोस् ।

● संस्थामा लगनशील जनशक्तिको पर्याप्तता छ भन्ने व्यहोरा खुलाउनुहोस् ।

● कार्यक्रम सञ्चालन गर्ने क्रममा संस्थामा जनगुनासो वा उजुरी प्राप्त भएमा त्यसको संवोधन गर्न आन्तरिक नियन्त्रणको व्यवस्थाबारे उल्लेख गर्नुहोस् ।

● संस्था छनौट भै कार्यसम्पादन गर्ने जिम्मबारी पाएमा संझौताबमोजिम तोकिएका शर्तहरुको पालना बारे उल्लेख गर्नुहोस् ।

**विवरण खण्ड ११ : भौगोलिक निकटता**

● संस्थाले यो कार्यक्रम स्थल वा नगिचको क्षेत्रमा कार्यक्रम संचालन गरेको छ भने कुन-कुन जिल्लामा गरेको छ ?

● यो कार्यक्रमको क्षेत्रमा काम गर्न संस्थागत रुची कत्तिको छ ?

यो कार्यक्रम स्थलबाट उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलनका क्रममा सेवा प्रदान गर्न कत्तिको सहज होला ?

द्रष्टव्य : प्रत्येक पानामा अधिकृत व्यक्तिले हस्ताक्षर गर्नुपर्नेछ ।

## अनुसूची ४. क

